मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

रास्वपाले महाधिवेशनका लागि चन्दा सङ्कलन गरेको छैन

पृष्ठ ५ मा



वर्ष ४ | अंक २१३ | २०८३ साल असार ०७ गते आइतबार | Sunday 21, June 2026 | सूर्योदय: बिहान ०५:१२ बजे | सूर्यास्त: साँझ ०७:०२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# सर्वसाधारणलाई सास्ती, उद्योगीलाई मस्ती ?

## वीरगंजमा विद्युत प्राधिकरणको दोहोरो मापदण्डमाथि प्रश्न

**हरिशंकर शर्मा**
**वीरगंज।**

अत्यधिक गर्मीको मौसममा विद्युत सेवा जीवनको आधारभूत आवश्यकता बनेको बेला नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र वीरगंजले सर्वसाधारण उपभोक्तामाथि कडा कारबाही गर्दै लाइन काट्ने अभियान चलाएको छ । तर, अर्कोतर्फ करोडौंदेखि अर्बौं रुपैयाँसम्म महसुल बक्यौता रहेका उद्योगहरूमाथि भने प्रभावकारी कदम नचालिएको भन्दै प्राधिकरणको कार्यशैलीमाथि गम्भीर प्रश्न उठ्न थालेको छ।




स्थानीय उपभोक्ताहरूका अनुसार वितरण केन्द्र वीरगंजका कर्मचारीहरूले कुनै पूर्वसूचना वा अन्तिम चेतावनी नदिई घरमै प्रवेश गरेर विद्युत लाइन काट्ने गरेका छन् । विशेषगरी १० हजार रुपैयाँ हाराहारी वा सोभन्दा बढी बक्यौता भएका घरायसी उपभोक्ताहरूलाई लक्षित गरी यस्तो अभियान सञ्चालन गरिएको आरोप छ।

वीरगंज महानगरपालिका–१६ नगवाका उपभोक्ता संजय साहले आफूलाई कुनै जानकारी नदिई प्राधिकरणका कर्मचारी घरमै प्रवेश गरेर लाइन काटेको बताए । उनका अनुसार महसुल १० हजार रुपैयाँसमेत नपुगेको अवस्थामा तत्काल रकम बुझाउन तयार हुँदाहुँदै लाइन काटिएको थियो । 'आजै पैसा तिर्छु, लाइन नकाट्नुस् भनेर आग्रह गर्दा पनि सुनुवाइ भएन । कर्मचारीले जबर्जस्ती लाइन काटे,' उनले गुनासो गरे।

गर्मीका कारण तापक्रम उच्च रहेको अवस्थामा विद्युतविहीन भएर बस्न नसकिने अवस्था हुँदाहुँदै प्राधिकरणले मानवीय संवेदनशीलता समेत नदेखाएको उपभोक्ताहरूको आरोप छ। अझ लाइन काटिसकेपछि पुनः जडानका लागि बक्यौता रकम, २५ प्रतिशत ब्याज तथा ८५० रुपैयाँसम्मको रि–कनेक्सन शुल्क तिर्नुपर्ने बाध्यता रहेको भन्दै उपभोक्ताहरू थप आक्रोशित बनेका छन् । स्थानीयवासीहरू प्रश्न गर्छन् 'यदि नियम कानुनको कार्यान्वयन नै गर्ने हो भने त्यो सबैका लागि बराबर हुनुपर्दैन र?'

उनीहरूको भनाइमा वीरगंज–सिमरा औद्योगिक करिडोरमा संचालनमा रहेका कतिपय उद्योगहरूको करोडौं तथा अर्बौं रुपैयाँसम्म विद्युत महसुल बक्यौता रहेको चर्चा बेला–बेला सार्वजनिक हुने गरेको छ । तर त्यस्ता ठूला बक्यौतादारमाथि कडाइ देखाउन नसक्ने प्राधिकरणले सामान्य घरायसी उपभोक्तामाथि भने शक्ति प्रदर्शन गरिरहेको आरोप लगाइएको छ।

'उद्योगीहरूसँग दादागिरी चल्दैन, सर्वसाधारणमाथि मात्रै कर्मचारीको रोब देखाइन्छ,' एक स्थानीय उपभोक्ताले आक्रोश व्यक्त गरे । यही कारण अहिले सर्वसाधारणबीच एउटा प्रश्न तीव्र रूपमा उठ्न थालेको छ 'सर्वसाधारणलाई सास्ती, उद्योगीलाई मस्ती किन ?' उपभोक्ताहरूको आरोप छ कि यदि विद्युत महसुल नतिर्नेलाई कारबाही गर्ने कानुनी व्यवस्था छ भने त्यो उद्योगी र सर्वसाधारण दुवैमा समान रूपमा लागू हुनुपर्छ । तर व्यवहारमा भने कानुनको डण्डा सर्वसाधारणमाथि मात्रै चलिरहेको देखिएको छ।

यस विषयमा नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र वीरगंजका प्रमुख इन्जिनियर विजय महतोले भने प्राधिकरणले कानुनी व्यवस्थाअनुसार काम गरिरहेको बताए। उनका अनुसार बिल जारी भएको ४५ दिनभित्र महसुल नबुझाउने उपभोक्ताको लाइन पूर्वसूचनाविना समेत काट्न सकिने अधिकार प्राधिकरणलाई छ।

यद्यपि कानुनी अधिकारको आडमा सेवाग्राहीलाई न्यूनतम जानकारीसमेत नदिई लाइन काट्नु कत्तिको उचित हो भन्ने प्रश्न भने यथावत् रहेको छ। विशेषगरी अत्यधिक गर्मीका कारण बालबालिका, ज्येष्ठ नागरिक र बिरामीहरू प्रभावित हुने अवस्थामा मानवीय पक्षलाई बेवास्ता गरिएको भन्दै आलोचना भइरहेको छ । उपभोक्ताहरूले प्राधिकरणलाई अर्को प्रश्न पनि सोधिरहेका छन् 'यदि नियम सबैका लागि समान हो भने ठूला बक्यौतादार उद्योगहरूको सूची सार्वजनिक किन हुँदैन ? उनीहरूमाथि कति कारबाही भयो ? कतिका लाइन काटिए ? र किन सर्वसाधारणले मात्र तत्काल कारबाहीको सामना गर्नुपर्छ ?

वीरगंजमा अहिले विद्युत आपूर्तिभन्दा बढी चर्चा प्राधिकरणको कार्यशैलीको हुन थालेको छ। राज्यको सेवा दिने निकायले कानुन कार्यान्वयन गर्दा निष्पक्षता, पारदर्शिता र समान व्यवहार प्रदर्शन गर्नुपर्ने अपेक्षा गरिन्छ । तर सर्वसाधारणमाथि कठोर र ठूला बक्यौतादारप्रति नरम देखिएको आरोपले प्राधिकरणको विश्वसनीयतामाथि नै प्रश्नचिन्ह खडा गरेको छ।

जबसम्म कानुनको तराजु सबैका लागि समान रूपमा चल्दैन, तबसम्म 'सर्वसाधारणलाई सास्ती, उद्योगीलाई मस्ती' भन्ने जनगुनासो झन् चर्किंदै जाने निश्चित देखिन्छ।

# मेनरोडका वासिन्दाद्वारा सिठी जुलुस



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंज मेनरोड क्षेत्रमा सरकारले गरेको घर टहराको संरचना हटाउने कारबाहीपछि प्रभावित स्थानीय बासिन्दाले शनिबार साँझ सिठी जुलुस निकालेर शान्तिपूर्ण विरोध प्रदर्शन गरेका छन् । वीरगंजको आदर्शनगर चोकबाट शुरु भएको जुलुसमा प्रभावित परिवार तथा स्थानीय नागरिकको सहभागिता थियो । प्रदर्शनकारीले पुनर्वास तथा क्षतिपूर्तिको माग उठाएका छन्।

स्थानीयवासीहरूका अनुसार सरकारी निकायले सञ्चालन गरेको हटाउने कार्यका क्रममा उनीहरूको घर तथा संरचनामा क्षति पुगेको छ र उचित व्यवस्थापनबिना गरिएको यस्तो कारबाहीले देशकै प्रवेशद्वार एवं आर्थिक नगरी वीरगंजको ऐतिहासिकता तहसनहस र उनीहरूको जीवनमा गम्भीर समस्या उत्पन्न भएको छ।

उनीहरूले तत्काल क्षतिपूर्ति, वैकल्पिक व्यवस्था तथा मानवतामूलक समाधानको माग गरेका छन्।

सिठी जुलुसका क्रममा सहभागीहरूले शान्तिपूर्ण रूपमा 'हाम्रो घर सुरक्षित गर', 'डोजर आतंक बन्द गर', 'सुकुम्बासी बनाउन पाउँदैन,' 'जनतालाई उठिबास गराउन बन्द गर', 'हामीलाइ न्याय चाहिन्छ', 'मेनरोडलाई सहरी सडक घोषणा गर', 'ऐतिहासिक सहरको सम्मान गर'जस्ता नारा लगाउँदै घण्टाघर पुगेर कोणसभामा परिणत हुँदै मागहरू प्रस्तुत गरेका थिए।

# रास्वपा महाधिवेशन:

## चिकित्सकसहित तीन एम्बुलेन्स तयारी अवस्थामा

**चितवन।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को यहाँ हुने प्रथम राष्ट्रिय महाधिवेशनमा चिकित्सक–स्वास्थ्यकर्मीसहित तीन वटा एम्बुलेन्स तयारी अवस्थामा राखिने भएको छ । चर्कोे गर्मी र भीडभाड हुने भएकाले स्वास्थ्यलाई मध्यनजर गर्दै चिकित्सकसहितको एम्बुलेन्स तयारी अवस्थामा राख्न लागिएको हो।




महाधिवेशन मूल आयोजक समितिको स्वास्थ्य उपसमितिका संयोजक डा. मनोहर प्रधानका अनुसार महाधिवेशन उद्घाटन सत्रमा तीन वटा सुविधासम्पन्न एम्बुलेन्ससहित चिकित्सक, नर्स र पारामेडिक्सको व्यवस्था गरिएको छ।

उद्घाटन स्थलको तीन ठाउँमा स्वास्थ्य डेस्क रहने उनले बताए। त्यसमध्ये एउटा अतिथि दीर्घातर्फ हुनेछ भने दुई वटा दर्शकदीर्घातर्फ राखिनेछ।

आकस्मिक उपचारका लागि आवश्यक औषधि, कीटहरूसहित आकस्मिक सेवा सोही ठाउँमा दिइने र थप उपचार आवश्यक भएमा जिल्लाका ठूला अस्पतालहरूमा लगिनेछ। प्रधानका अनुसार प्रमुख जिल्ला अधिकारीको रोहवरमा जिल्लास्थित अस्पतालका सञ्चालक र प्रहरी रहेको स्वास्थ्य उपचारका लागि समन्वय समिति बनाइएको छ । समितिले आवश्यकता अनुसार अस्पतालहरूमा समन्वय गरी

*बाँकी पृष्ठ २ मा*

# रास्वपा धनुषा र महोत्तरी सभापतिको निलम्बन फुकुवा





**मधेशदृष्टि**
**जनकपुरधाम।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषा र महोत्तरी जिल्लाका सभापतिमाथि लगाइएको निलम्बन फुकुवा गरेको छ । पार्टीले महाधिवेशनको तयारीलाई ध्यानमा राख्दै दुवै जिल्लामा रोकिएका संगठनात्मक गतिविधि र अधिवेशन प्रक्रिया पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको हो । पार्टी सचिवालयको असार ४ गते बसेको बैठकले धनुषा र महोत्तरी जिल्लामा स्थगित गरिएको अधिवेशन प्रक्रिया तथा संगठनात्मक गतिविधि खुला गर्ने निर्णय गरेको जनाएको छ । निर्णयसँगै ती जिल्लाबाट महाधिवेशन प्रतिनिधि छनोट तथा महाधिवेशनमा सहभागिताको बाटो खुलेको छ । पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीद्वारा जारी पत्रअनुसार केन्द्रीय निर्वाचन आयोगले यसअघि लगाएको अधिवेशन रोक तथा रद्दसम्बन्धी निर्णय महाधिवेशन प्रयोजनका लागि मात्र फुकुवा गरिएको हो।

रास्वपाले महाधिवेशन सम्पन्न भएपछि सम्बन्धित जिल्लाको संगठनात्मक अडिट गरिने जनाएको छ । अडिटको प्रतिवेदनका आधारमा मात्र जिल्ला अधिवेशन प्रक्रिया पुनः अघि बढाइने निर्णय गरिएको पार्टीले स्पष्ट पारेको छ।

पार्टीका अनुसार महाधिवेशनलाई व्यवस्थित, समावेशी र पारदर्शी बनाउन संगठनात्मक संरचनालाई अस्थायी रूपमा खुला गरिएको हो । यस निर्णयले धनुषा र महोत्तरीमा रोकिएका पार्टी गतिविधि पुनः सक्रिय हुने तथा महाधिवेशनमा ती जिल्लाको प्रतिनिधित्व सुनिश्चित हुने अपेक्षा गरिएको छ।






# ११ महिनामा ३० अर्ब १७ करोड राजस्व सङ्कलन

**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा रु ३० अर्ब १७ करोड १४ लाख ७३ हजार राजस्व सङ्कलन गरेको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार चालु आवको हालसम्म आन्तरिक राजस्व सङ्कलन रु चार अर्ब ५९ करोड ३३ लाख ८४ हजार रहेको छ।




प्रदेश सरकारको आन्तरिक राजस्व सङ्कलनको मुख्य आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन र सवारीसाधन कर मानिन्छ। सो अवधिमा घरजग्गा रजिस्ट्रेशनबाट रु एक अर्ब १८ करोड १२ लाख ९५ र सवारीसाधन करबाट रु दुई अर्ब एक करोड ५० लाख ५० हजार राजस्व सङ्कलन भएको मधेश प्रदेश सरकारका अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिए।

उनका अनुसार चालु आव २०८२÷८३ मा सवारी चालक अनुमतिपत्र वितरण तथ सवारी दर्ता दस्तुरबाट रु ६८ करोड ८२ लाख ७० हजार, यातायात क्षेत्रको आम्दानीबाट रु ११ करोड १० लाख ५९ हजार, दहत्तर बहत्तरको बिक्रीबाट रु १० करोड नौ लाख ३५ हजार राजस्व सङ्कलन भएको छ।

यस्तै, प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु सात अर्ब ७५ करोड ६४ लाख ९९ हजार, अन्तःशुल्क करबापत रु दुई अर्ब ७७ करोड ४१ लाख प्राप्त भएको मन्त्रालयले जनाएको छ। त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत ११ महिनाको अवधिमा रु सात अर्ब छ करोड १६ लाख ७८ हजार, सशर्त अनुदान चालुतर्फ रु दुई अर्ब १७ करोड २७ लाख ७२ हजार, सशर्त पुँजीगततर्फ रु एक अर्ब ५६ करोड ३० लाख ४० हजार प्राप्त भएको सूचना अधिकारी झाले बताए।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको उनको भनाइ छ। रासस

# खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
'खाद्य सुरक्षा, सबैको व्यवसाय' भन्ने नारासहित खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौंको आयोजना र वीरगंज उद्योग वाणिज्य संघ, पर्साको सहकार्यमा कार्यक्रम संघको सभाहलमा सम्पन्न गरिएको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत भिमप्रसाद पुलामीको अध्यक्षता र वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा उद्योगी–व्यवसायी, भन्सार एजेन्ट, क्वारेन्टाइन कार्यालयका प्रतिनिधि तथा सरोकारवाला निकायका अधिकारीहरूको सहभागिता थियो।

कार्यक्रममा वरिष्ठ खाद्य अनुसन्धान अधिकृत मोहनकृष्ण महर्जनले खाद्य पदार्थ आयात–निर्यात गर्दा अपनाउनुपर्ने स्वच्छता, गुणस्तर मापदण्ड, निर्यात सहजीकरण, अनुगमन प्रक्रिया तथा व्यवसायीको दायित्वबारे कार्यपत्र प्रस्तुत गरेका थिए।

# बागमती खोलाले बगाउँदा बालक बेपत्ता

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको बागमती नगरपालिका–७ मा बागमती खोलाले बगाउँदा एक बालक बेपत्ता भएका छन्। शुक्रबार साँझ बागमती खोलामा पौडी खेल्न गएका बागमती नगरपालिका–७ का सरगम माझीका ६ वर्षीय छोरा सफल माझीलाई बाढीले बगाएर बेपत्ता बनाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

घटनाबारे शनिबार बिहान करिब ६ः३० बजे मात्रै प्रहरीलाई जानकारी प्राप्त भएको थियो। त्यसपछि बेपत्ता बालकको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाएको छ। प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार स्थानीयवासी, प्रहरी चौकी राजघाट, इलाका प्रहरी कार्यालय बरहथवा र सशस्त्र प्रहरीको टोली परिचालन गरी खोजी कार्य जारी छ। सफलसँगै पौडी खेल्न गएका अन्य तीन बालक भने सुरक्षित रूपमा घर फर्किएको प्रहरीले जनाएको छ।

# बागमती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास

**रौतहट।**
सशस्त्र प्रहरी वल नेपालको विशेष सक्रियतामा शुक्रबार बागमती नदीमा जलउत्पन्न विपद् उद्धारसँग सम्बन्धित अभ्यास सफलतापूर्वक सम्पन्न भएको छ।

सशस्त्र प्रहरी वल नेपालअन्तर्गत छिन्नमस्ता बाहिनीको आयोजना तथा मधेश प्रदेश सरकारको सहयोग र समन्वयमा रौतहट तथा सर्लाही जिल्लास्थित बागमती नदीमा उद्धार, सहयोगसम्बन्धी कृतिम अभ्यास सम्पन्न भएको हो। नेपालमा हरेक वर्ष मन्सुनी वायु सक्रिय भएसँगै हुने सम्भावित जोखिमलाई सहजरूपमा सम्बोधन गर्न सघाउ पु¥याउने उद्देश्यले यस वर्ष पनि सो अभ्यास गरेको आयोजकको भनाइ छ। रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बाढी, डुवानलगायत प्रकोपजन्य घटनाबाट रौतहटलगायत तराईका



जिल्लामा वर्षेनी ठूलो जनधनको नोक्सानी हुनेगरेको बताउँदै त्यसबाट जोगिन शसस्त्र प्रहरी बलको सक्रियतामा कृतिम अभ्यास गरेको स्पष्ट पारेका छन्।

नदीमा अचानक बाढी आउँदा वा मानिस फस्दा व्यक्तिलाई सुरक्षित तरिकाले उद्धार गर्न सहयोग पु¥याउने उद्देश्यले स कृतिम अभ्यास जिल्लास्थित बागमती नदीमा गरिएको जानकारी दिँदै सशस्त्र प्रहरी वल, रौतहट जिल्ला प्रमुख एवम् गणपति रामहरि अधिकारीले भने, मौसमजन्य विपद्लाई लक्षित गर्दै जनधनको क्षति न्यूनीकरणका पक्षमा कृतिम अभ्यास गरिएको हो। तराई क्षेत्रमा वर्षेनी हुने जनउत्पन्न प्रकोपजन्य घटनाबाट जोगिन यस किसिमको अभ्यास फलदायी हुने विश्वास लिएका छौँ।

सो अवसरमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, शान्ति सुव्यवस्था कायम गर्ने दायित्व बोकेको सशस्त्र प्रहरीको प्रकोपजन्य घटनामा समेत महत्वपूर्ण भूमिका रहेको बताएका छन्।

बलको छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति एवम् प्रहरी नायव महानिरीक्षक विष्णुप्रसाद भट्टले समग्र मधेश प्रदेशमा हुने जनधनको क्षति न्यूनीकरण तथा रोकथामका लागि कृतिम घटनामा आधारित 'सिमुलेसन' अभ्यास उपयोगी हुने विश्वास व्यक्त गरेका छन्। रौतहट, सर्लाही, महोत्तरी लगायतका जिल्लाका विभिन्न पालिकाका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधरणसमेतको उल्लेख्य उपस्थितिमा आज बागमती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास सम्पन्न भएको हो। रासस

# एघार महिनामा म्याग्दी हुँदै सात लाख पर्यटक मुस्ताङ पुगे

**म्याग्दी।**
म्याग्दीको उत्तरी क्षेत्रमा पर्ने रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुँदै बेनी–जोमसोम सडक भएर चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा सात लाखभन्दा बढी पर्यटक मुस्ताङ पुगेका छन्। म्याग्दीको सिमानामा पर्ने मुस्ताङको घाँसास्थित सीमा प्रहरीचौकीको तथ्याङ्कअनुसार चालु आवको साउनदेखि जेठसम्म सात लाख पाँच हजार ७५४ स्वदेशी र विदेशी पर्यटक मुस्ताङ प्रवेश गरेका हुन्।

यो संख्या गत आर्थिक वर्षको १२ महिनाको बराबर हो। मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने एकमात्र बेनी–जोमसोम सडक भएर मुस्ताङ भित्रने नाकामा पर्ने घाँसामा प्रहरीले सवारीसाधनमार्फत भित्रने पर्यटकको अभिलेख राख्ने गरेको छ।

एघार महिनामा एक लाख ५१ हजार १६० सवारीसाधनमार्फत चार लाख ६० हजार ९२४ स्वदेशी र दुई लाख ४४ हजार ८३० विदेशी पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी गत जेठमा २७ हजार ४८८ सवारीसाधनमार्फत ९० हजार ९३९ विदेशी र ४० हजार ८३८ स्वदेशी पर्यटक मुस्ताङ भित्रिएका छन्। भारत सरकारले लिएको डलर बचत गर्ने नीतिका कारण गर्मीमा पोखरा, मुस्ताङलगायत ठाउँमा भारतीय पर्यटकको चाप बढेको छ।

लगातार चार दिन सार्वजनिक बिदा परेको जेठ तेस्रो साता नेपाली पर्यटकको रोजाइमा मुस्ताङ परेको थियो। पर्यटकको चापका कारण बेनी–जोमसोम सडकमा पर्ने बेनी, गलेश्वर, तातोपानी, दानाका होटल भरिभराउ हुने गरेका छन्। बर्खायामको सुरुआती समयको अनुकूल वैशाख–जेठमा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो।

मुस्ताङ भित्रिएका बाह्य पर्यटकको संख्यामध्ये करिब ८० प्रतिशत भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालले बताए। गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए। वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ मा अवस्थित पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरको दर्शन गर्ने उद्देश्यले भारतीय र नेपाली पर्यटक मुस्ताङ आउने गर्दछन्।

यसका साथै कागबेनीधाममा श्राद्ध र तर्पण गर्ने, कोरला नाका र लोमान्थाङको अवलोकन गर्ने उद्देश्यले मुस्ताङमा पर्यटकको उपस्थित हुने गरेको हो। पृथक भूगोल, जैविक विविधता, प्राचीन कला संस्कृति, रहनसहन, हिमाली सौन्दर्यता र यहाँको विशेष प्रकारको मौलिकताका कारण मुस्ताङमा पर्यटकीय आकर्षण बढ्दै गएको छ। रासस

# रास्वपा महाधिवेशन...

उपचारको व्यवस्था गर्ने डा. प्रधानले बताए।

चितवनमा अहिले अत्यधिक गर्मी छ। हिमाली र पहाडी जिल्लाबाट सहभागी आउने हुँदा 'हिटस्ट्रोक' हुन सक्ने भएकाले त्यसलाई मध्यनजर गर्दै तयारी गरिएको उनको भनाइ छ।

खानपानमा सावधानी अपनाउन आवश्यक समन्वय भइरहेको उनले बताए।

जिल्लाका अस्पतालहरूलाई तयारी अवस्थामा रहन आग्रह गरिएको छ। महाधिवेशन आइतबारदेखि सुरु हुनेछ। उद्घाटन सत्र भरतपुरको गेष्टहाउस चौरमा हुनेछ भने बन्द सत्र चितवन उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुनेछ। बन्द सत्रभित्र हुने भएकाले बढी जोखिम नहुने भए पनि उद्घाटन सत्र चौरमा हुने भएकाले स्वास्थ्यका हिसाबले जोखिम मानिएको छ। महाधिवेशनमा चार हजारभन्दा बढी प्रतिनिधि आउनेछन्। पर्यवेक्षक र शुभेच्छुकहरू ठूलो संख्यामा आउने भएकाले सोही अनुरूप तयारी गरिएको छ।

**जनचाप लक्षित गर्दै नेटवर्क क्षमता वृद्धि**

नेपाल टेलिकम दूरसञ्चार कार्यालय भरतपुरले रास्वपाको महाधिवेशनमा सहभागी हुने सेवाग्राहीको चापलाई मध्यनजर गर्दै दूरसञ्चार सेवाको क्षमता विस्तार गर्ने भएको छ। भरतपुरस्थित मुख्य टावर तथा आसपासका अन्य टावरमा विशेष एन्टेना र अतिरिक्त उपकरण जडान गरी नेटवर्क क्षमता वृद्धि गरिएको कार्यालयले जनाएको छ। कार्यालयका निमित्त प्रमुख चन्दनकुमार झाका अनुसार आगामी ७ गते हुने महाधिवेशनको उद्घाटन समारोहमा ठूलो संख्यामा सहभागी हुने अनुमान भएकाले सेवा अवरुद्ध नहोस् भन्ने उद्देश्यले पूर्वतयारी गरिएको हो। उनले रास्वपा महाधिवेशन मात्र नभई यहाँ हुने अन्य भीडभाड तथा मेला–महोत्सवका समयमा पनि सधैँ क्षमता विस्तार गरिँदै आएको बताए। उनले भीडभाडका समयमा फोन नलाग्ने, 'कल ड्रप' हुने तथा डेटा सेवा प्रभावित हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै अतिरिक्त उपकरण जडान गरिएको बताए।

'सेवाग्राहीले कुनै समस्या भोग्न नपरोस् भनेर हामीले आवश्यक पूर्वतयारी गरेका छौँ,' उनले भने। झाका अनुसार मुख्य टावर र आसपासका टावरमा सेक्टर एन्टेना थपिनाका साथै अतिरिक्त आरआरयू जडान गरिएको छ।

'यी उपकरण जडानपछि फोन सम्पर्क र डेटा सेवामा समस्या आउने सम्भावना न्यून हुन्छ,' उनले भने। उनले टावरको क्षमता विस्तार गरिएकाले महाधिवेशनका क्रममा नेटवर्कमा चाप बढे पनि सेवा सञ्चालन सहज हुने विश्वास व्यक्त गरे।

'आजकल अधिकांश प्रयोगकर्ताले डेटा सेवा प्रयोग गर्नुहुन्छ र मोबाइलमार्फत निरन्तर सम्पर्कमा रहनुहुन्छ। त्यसैले सम्भावित गुनासो आउन नदिन पहिल्यै तयारी गरेका हौँ,' उनले भने।

निमित्त प्रमुख झाका अनुसार आफ्नो कार्यक्षेत्रभित्र हुने ठूला सभा, सम्मेलन तथा भीडभाड हुने कार्यक्रमहरूमा आवश्यकताअनुसार प्राविधिक उपकरण तथा 'एन्टेना' जडान गरी सेवा क्षमता बढाउने गरिएको छ। उनका अनुसार सेवाग्राहीलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु कार्यालयको प्राथमिकता हो।

# बालसंरक्षण गृह सञ्चालन

**बाँके।**
खजुरा गाउँपालिकाले असहाय, अनाथ तथा जोखिममा परेका बालबालिकाको संरक्षण र व्यवस्थापनका लागि बालसंरक्षण गृह सञ्चालनमा ल्याएको छ। गाउँपालिकाभित्रका अभिभावकविहीन भई सडकमा बस्नुपर्ने अवस्थाको अन्त्य गर्न आफ्नै लगानीमा पालिकाले 'खजुरा बालसंरक्षण गृह' सञ्चालनमा ल्याएको हो।

गाउँपालिकाका अध्यक्ष डम्बर विकले भने, 'हरेक बालबालिकाको सपना, शिक्षा, माया र सुरक्षित भविष्यको अधिकार सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व हो। यो संरक्षण गृहले बालबालिकालाई केवल आश्रय मात्र दिने छैन, उनीहरूलाई आत्मनिर्भर र असल नागरिक बनाउन शिक्षा र स्वास्थ्यकोसमेत पूर्ण रूपले सुनिश्चित गर्नेछ।' उनले बालबालिकाको चौतर्फी विकास र न्यायपूर्ण वातावरणका लागि यो गृह कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे। बालसंरक्षण गृहमा बालबालिकाका लागि खाने बस्ने व्यवस्थासँगै उनीहरूको चौतर्फी विकासका लागि विशेष खाका तयार गरिएको छ। गृहमा आश्रित बालबालिकालाई नियमित विद्यालय शिक्षा र नियमित स्वास्थ्य परीक्षणको पनि उचित प्रबन्ध गरिएको गाउँपालिकाका उपाध्यक्ष मञ्जु मल्लले बताइन्। 'एउटा बच्चा सुरक्षित र शिक्षित हुनु भनेको सिङ्गो समाजको भविष्य सुरक्षित हुनु हो', उनले भनिन्, 'हामीले यो गृहमा आश्रय मात्र होइन, एउटा असल पारिवारिक वातावरण दिन खोजेका हौँ, यहाँ बालबालिकाले ममता, संस्कार र आत्मनिर्भर बन्ने शिक्षा पाउनेछन्।'

बालसंरक्षण गृहमा खेलकुद र मनोरञ्जनः बालबालिकाको मानसिक र शारीरिक विकासका लागि खेलकुद सामग्री र पर्याप्त खुला ठाउँको व्यवस्था छ। गृहलाई दिगो, सुरक्षित र भरपर्दो बनाउन र बालबालिकालाई हौसला दिन समाजका हरेक वर्गको साथ, सहयोग र सद्भावको आवश्यकता रहेको उनको भनाइ छ।

'बालबालिकाको मुस्कान नै हाम्रो प्रेरणा हो' भन्ने मूल नाराका साथ सञ्चालनमा आएको यस संरक्षण गृहमा आश्रित बालबालिकाको उज्यालो भविष्य निर्माणका लागि गाउँपालिकाले नागरिकस्तरबाट पनि साथ, सहयोग र सद्भावको अपेक्षा गरेको छ। संरक्षण गृहमा बालबालिकाका लागि बस्न, खान, खेलकुद तथा अनौपचारिक शिक्षाकोसमेत उचित व्यवस्था मिलाइएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले बताए। रासस

# क्यान्सर औषधि सहज उपलब्ध हुने

**काठमाडौँ।**
विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकामा अब सहज उपलब्ध हुनेछ। औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताए। उनले औषधिको अहिले केही सीमित ठाउँमा मात्र उपलब्ध गराउँदै आएकामा अब सहज रूपमा उपलब्ध गराइने बताए।




'औषधिको अभाव रहेकाले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौँ', उनले भने, 'अब चाँडै नै औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौँ।' उनले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताए। क्यान्सरको किमोथेरापी उपचारका लागि हुने 'कार्बोप्लाटिन', 'सिस्प्लाटिन' लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो।

विभागले ती औषधि पाउनका लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोड, विराट मेडिकल कलेज विराटनगर, वविना फर्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौँ, डिकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौँ, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौँलाई औषधि सहजताका लागि सम्पर्क तोकिएको छ।

किमोथेरापी उपचारका लागि सबभन्दा बढी 'कार्बोप्लाटिन' र त्यसपछि 'सिस्प्लाटिन' औषधि आवश्यक पर्दछ। सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा 'कार्बोप्लाटिन' औषधि दुई हजार भाइल र 'सिस्प्लाटिन' ५० भाइल मात्र मौज्दात रहेको छ। नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल 'कार्बोप्लाटिन' र ६०० भाइल 'सिस्प्लाटिन' आवश्यक पर्दछ। नेपाल औषधि आपूर्तिकर्ता सङ्घका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरूले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताए।

उनले एक महिनालाई पुग्ने 'सिस्प्लाटिन' औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिए। उनले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताए। भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो। रासस

# 'सहकारीप्रति सकारात्मक दृष्टिकोण बनाउनुपर्छ'

**ललितपुर।**
बागमती प्रदेश सरकारकी सहकारी तथा गरिबी निवारणमन्त्री विणु रायमाझी पौडेलले सहकारी संस्थाहरूप्रति सकारात्मक दृष्टिकोण बनाउन आवश्यक रहेको बताएकी छिन्। सहकारी आन्दोलनले महिला सशक्तिकरण, उद्यमशीलता विकास तथा आर्थिक सुदृढीकरणमा महत्वपूर्ण योगदान पु¥याएको उल्लेख गर्दै उनले केही संस्थाका कमजोरीका आधारमा सम्पूर्ण सहकारी क्षेत्रलाई नकारात्मक रूपमा हेर्न नहुने धारणा व्यक्त गरिन्।

ललितपुरमा राष्ट्रिय सहकारी महासङ्घद्वारा शनिबार आयोजित अन्तरराष्ट्रिय महिला सहकारी सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री पौडेलले महिलाको सक्रिय सहभागिताविना दिगो विकासको लक्ष्य हासिल गर्न नसकिने बताइन्।

उनका अनुसार सहकारी अभियानले विश्वभर आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण टेवा पु¥याउँदै आएको छ र यसले विशेषगरी महिलालाई आत्मनिर्भर तथा उद्यमी बन्न प्रेरित गरेको छ। सहकारी संस्थाहरूले महिलालाई बचत, लगानी, स्वरोजगार तथा उद्यमशीलतामा सहभागी गराई आर्थिक रूपमा सबल बनाउन महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ।

मन्त्री पौडेलले कृषि तथा उद्यमशीलता क्षेत्रमा सहकारीमार्फत थप लगानी आवश्यक रहेको उल्लेख गर्दै उत्पादन, रोजगारी सिर्जना र आर्थिक समृद्धिका लागि सहकारी क्षेत्रलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन्। उनले सहकारी सञ्चालक, सदस्य तथा सरोकारवालाबीचको सम्बन्ध नङ र मासुको जस्तै घनिष्ट हुने भएकाले सहकारी क्षेत्रलाई सुदृढ र विश्वसनीय बनाउन सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताइन्।




कार्यक्रममा उनले केही सहकारी संस्थाहरूमा देखिएका अनियमितता र बदमासीका घटनाका कारण सम्पूर्ण सहकारी क्षेत्रप्रति नकारात्मक धारणा बनाउनु उचित नहुने स्पष्ट पारिन्। यस्ता घटनाबाट पाठ सिक्दै पारदर्शिता, सुशासन र उत्तरदायित्वलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता औँल्याउँदै बचतकर्ता तथा सर्वसाधारणको सोचमा सकारात्मक परिवर्तन आउनुपर्ने बताइन्।

मन्त्री पौडेलले सहकारी आन्दोलनलाई थप सशक्त, विश्वसनीय र जनमुखी बनाउँदै महिला नेतृत्व तथा सहभागिता वृद्धि गर्न सके देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा अझ ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरिन्। रासस

# वीरगंज महानगर कार्यवाहक प्रमुख र सम्पूर्ण वडासदस्यहरुबीच अन्तरक्रिया



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले महानगरका ३२ वटै वडाका वडा सदस्यसँग अन्तरक्रिया गरेका छन् । शनिबार महानगरपालिकाको सभाकक्षमा आयोजित अन्तरक्रियामा महानगरको समग्र विकास, सुशासन, विकास निर्माणका कार्य तथा प्रभावकारी सेवा प्रवाहका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा वडा सदस्यहरूले आ–आफ्नो वडामा रहेका आवश्यकता, समस्या तथा विकासका प्राथमिकताबारे धारणा राख्दै विभिन्न सुझाव प्रस्तुत गरेका थिए ।

उनीहरूले स्थानीय तहमा देखिएका समस्या समाधान, पूर्वाधार विकास, सरसफाइ, सडक निर्माण तथा आधारभूत सेवाको पहुँच विस्तारमा ध्यान दिन आग्रह गरेका थिए । अन्तरक्रियामा महानगरभित्र सञ्चालन भइरहेका विकास आयोजनालाई थप प्रभावकारी बनाउने, जनगुनासोको समयमै सम्बोधन गर्ने तथा नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिने विषयमा समेत छलफल भएको जनाइएको छ ।

वडा सदस्यहरूको सुझाव तथा गुनासो सुनेपछि महानगरका कार्यवाहक प्रमुख आलमले महानगरको समग्र विकास, सुशासन र जनसेवालाई अझ प्रभावकारी तथा नागरिकमुखी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका थिए । जनप्रतिनिधिबीचको सहकार्य र समन्वयलाई थप सुदृढ बनाउँदै नागरिकका अपेक्षाअनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाइने उनको भनाइ थियो ।

## २१ वर्ष पुरानो हत्या प्रकरणः

# फरार आरोपी पक्राउ, पुर्पक्षका लागि कारागार

**मधेशदृष्टि**
**कलैया ।**
बारामा दुई दशकअघि भएको हत्या घटनामा संलग्न एक फरार आरोपीलाई प्रहरीले पक्राउ गरी अदालतको आदेशपछि पुर्पक्षका लागि कारागार पठाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार प्रसौनी गाउँपालिका–५ निवासी ४८ वर्षीय श्यामबाबु प्रसाद चौरसियालाई बारा जिल्ला अदालतको आदेशअनुसार थुनामा राखिएको हो ।

प्रहरीका अनुसार २०६२ साल असोज ३ गते तत्कालीन मोतिसर गाविस–९ (हाल कलैया उपमहानगरपालिका–१८ मोतिसर टोल) निवासी ४० वर्षीय सितलप्रसाद चौरसियाको हत्या भएको थियो ।

जग्गासम्बन्धी पुरानो विवाद र रिसइबीका कारण नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजबाट ड्युटी सकेर घर फर्किरहेका बेला उनलाई तत्कालीन प्रसौनी गाविस–५ (हाल प्रसौनी गाउँपालिका–१) अन्तर्गत दुधौरा खोलाको बगरमा आक्रमण गरी हत्या गरिएको अनुसन्धानबाट खुलेको थियो ।

घटनाको अनुसन्धानका क्रममा श्यामबाबु प्रसाद चौरसियाले धारिलो हतियार प्रयोग गरी मृतकको घाँटी काटेर हत्या गरेको आरोप प्रहरीले लगाएको छ । घटनापछि फरार रहेका उनलाई प्रहरीले गत जेठ १३ गते पक्राउ गरेको थियो । पक्राउपश्चात आवश्यक




अनुसन्धान तथा कानुनी प्रक्रिया पूरा गरी असार ५ गते बारा जिल्ला अदालतमा पेश गरिएकोमा अदालतले उनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए ।

लामो समयदेखि फरार रहेका आरोपी पक्राउ परेसँगै २१ वर्ष पुरानो हत्या प्रकरणले पुनः कानुनी प्रक्रियामा गति लिएको प्रहरीले जनाएको छ ।

# भारतीय एसएसबीले कडाई गरेपछि सीमावर्ती क्षेत्रमा आवतजावत गर्न समस्या

**मधेशदृष्टि**
**कलैया ।**
बाराको मटिअर्वा नाकामा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले सुरक्षा जाँचमा कडाइ गरेपछि सीमावर्ती क्षेत्रमा आवत–जावत गर्ने नेपालीहरू समस्यामा परेका छन् । पछिल्लो दुई दिनदेखि भारतीय पक्षले नाकामा कडाइ गर्न थालेपछि नेपाली नागरिकहरूलाई घण्टौँ लाइनमा उभिनुपर्ने बाध्यता भएको छ ।

कलैया उपमहानगरपालिका–१० सँग जोडिएको यो नाकाबाट भारतको आदापुर बजार जाने नेपालीहरू बढी प्रभावित भएका छन् । स्थानीयवासीका अनुसार पहिले सहज रुपमा आवत–जावत हुने गरे पनि अहिले एसएसबीले नेपालीको नागरिकता र सवारीसाधनका कागजात कडाइका साथ जाँच गर्न थालेको छ ।

सीमावर्ती नेपाली उपभोक्ताहरू दैनिक उपभोग्य खाद्यान्न, लत्ताकपडा, कस्मेटिक र अन्य सामान खरिदका लागि पुस्तौनी देखि नै सीमावर्ती भारतीय बजारहरूमा जाने गरेका हुन् ।

तर हाल किनमेल गरेर फर्किँदा पनि भारतीय पक्षबाटै सामान जाँचमा कडाइ गरिएको स्थानीयको भनाइ छ ।



बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रले मटिअर्वा नाकामा एसएसबीले सुरक्षा जाँच कडाइ गरेको जानकारी सशस्त्र प्रहरीमार्फत प्राप्त r t भएको बताएका छन् । उनले यस विषयमा भारतीय पक्षसँग बुझ्ने तयारी भइरहेको समेत जनाएका छन् ।

# प्रेस स्वतन्त्रता सेनानी यादवमाथि आक्रमण



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल पत्रकार महासङ्घ सप्तरीका सदस्य, प्रेस स्वतन्त्रता सेनानी एवं गोरखापत्र सप्तरी समाचारदाता देवराम यादवमाथि आक्रमण भएको छ ।

बाटो सम्बन्धी समाचार लेखेपछि महादेवा गाउँपालिकाकी उपाध्यक्ष अर्चना यादवका पति सुरेन्द्र यादवसहितको समूहले शनिबार बिहान पत्रकार यादवमाथि आक्रमण गरेको हो ।

महादेवा गाउँपालिकास्थित हुलाकी राजमार्ग अन्तर्गत खाँडो पुलमा कुरा गरिरहेको अवस्थामा सुरेन्द्र यादवसहितको टोलीले हेल्मेटले पत्रकार यादवलाई कुटपिट गरेको नेपाल पत्रकार महासङ्घ शाखा सप्तरीका कार्यवाहक सचिव डम्बर राईले बताए ।

महासंघले आफ्नो पेसागत जिम्मेवारी निर्वाह गरिरहेका पत्रकारमाथि भएको कुटपिटको घटनाको भत्र्सना गर्दै यसलाई प्रेस स्वतन्त्रतामाथिको आक्रमणको रूपमा लिँदै यस्ता आपराधिक गतिविधि कुनै पनि हालतमा स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

विज्ञप्तिमा नागरिकको सुरक्षा, बाँच्न पाउने अधिकार तथा व्यक्तिगत स्वतन्त्रतामाथि धावा बोल्ने कार्यको कडा विरोध गरिएको छ ।

घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्न महासङ्घले स्थानीय प्रशासन र नेपाल सरकारसँग माग गरेको छ ।

कुटपिटबाट घाइते भएका पत्रकार यादवको उपचारको उचित व्यवस्था मिलाउन सम्बन्धित निकायसँग महासङ्घले आग्रह गरेको छ । महासङ्घले दोषीलाई तत्काल पक्राउ गरी कारवाई अगाडि नबढाइए कडा आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिएको छ ।

# स्नातकोत्तर तहका विद्यार्थीबाट थेसिससको पैसा असुलिँदै

**मधेशदृष्टि**
**सप्तरी ।**
त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस, महेन्द्र विन्देश्वरी क्याम्पस राजविराजमा शिक्षकले स्नातकोत्तर तहका विद्यार्थीबाट थेसिसको पैसा असुल्ने गरेको पाइएको छ । प्राप्त जानकारी अनुसार त्रिविको छानबिन प्रतिवेदनमा क्याम्पसका शिक्षकले प्रतिविद्यार्थी २५ हजारदेखि ३० हजार रुपैयाँसम्म लिने गरेको भेटिएको हो ।

विद्यार्थीबाटै गुनासो आएपछि त्रिविले गोप्य अनुसन्धान गरेको थियो । अनुसन्धानको क्रममा शिक्षकले विद्यार्थीबाट थेसिसवापत पैसा असुल गर्ने गरेको भेटिएको हो । त्रिवि अधिकारीका अनुसार सो कार्यमा सहायक क्याम्पस प्रमुख उपप्राध्यापक रामअशिष यादवसहितको टोलीको संलग्नता देखिएको छ ।

# विद्यालयको शुल्क वृद्धि कार्यान्वयन नगर्न उच्च अदालत राजविराजको आदेश

**मधेशदृष्टि**
**सप्तरी ।**
उच्च अदालत जनकपुर, राजविराज इजलासले सप्तरीको राजविराज नगरपालिका अन्तर्गतका संस्थागत तथा गुठी विद्यालयको शुल्क वृद्धि कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश रामबहादुर थापाको एकल इजलासले शुल्क वृद्धि सम्बन्धी निर्णय तत्काल कार्यान्वयन गर्दा विद्यार्थी र अभिभावकलाई अपूरणीय असर पर्न सक्ने ठहर गर्दै अन्तिम निर्णय नभएसम्म यथास्थिति कायम राख्न आदेश दिएको हो ।

आदेशसंगै नगरपालिकाले सार्वजनिक गरेको नयाँ शुल्क दर कार्यान्वयनमा तत्काल रोक लागेको छ भने विपक्षीहरु नगरपालिकासहितका पक्षलाई लिखित जवाफ पेस गर्न निर्देशन दिँदै थप छलफलका लागि असार ११ गतेको पेशी तोकिएको छ । त्यसमा आवश्यक प्रमाणसहित उपस्थित हुन विपक्षीहरुलाई निर्देशन दिएको छ ।

# ट्राफिक सप्ताह अन्तर्गत चालकहरुको लागि आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
ट्राफिक सप्ताह अन्तर्गत वीरगंज नयाँ बसपार्कमा चालकहरूका लागि आँखा शिविर शनिवार सम्पन्न भएको छ । शिविरमा करिब एक सय जना सवारी चालकहरूको आँखा परिक्षण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ ।

सवारी दुर्घटनामा चालकको आँखाको भूमिका महत्वपुर्ण हुने भएकोले उनीहरू आँखा आवाधिक रुपमा चेक गर्नु पर्ने प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख तथा प्रहरी उपरिक्षक ज्ञानेन्द्र बहादुर बस्नेतले बताए । शिविरमा तिलगंगा आँखा अस्पतालका स्वस्थ्यकर्मीहरूले सेवा पु¥याएका थिए ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक राजु कार्की, वीरगंजका वडा अध्यक्षहरू जगत साह कानु, परशुराम चौरसीया लगायतको सहभागिता थियो । कार्यक्रम जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगंजका प्रमुख तथा ट्राफिक प्रहरी निरिक्षक दीपेन्द्र श्रेष्ठको संयोजनमा भएको जनाइएको छ ।

# विश्रामपुर गाउँपालिकाको बजेट साढे ३५ करोड बढी



**मधेशदृष्टि**
**कलैया ।**
बाराको विश्रामपुर गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ३५ करोड ५१ लाख ३० हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको १९औं गाउँ सभा शनिबार सम्पन्न भएको हो । गाउँपालिकाका अध्यक्ष जुल्फकार अलि भुटोको अध्यक्षतामा सम्पन्न सभामा बजेट प्रस्तुत गरिएको थियो ।

प्रस्तुत बजेटलाई गाउँपालिकाको समग्र विकास, आर्थिक समृद्धि तथा जनमुखी योजनाहरूलाई केन्द्रमा राखेर तयार गरिएको बताइएको छ । सभामा उपाध्यक्ष प्रियंका देवी, प्रमुख प्रशासकीय अधिकृत सुनील प्रसाद केशरी तथा विभिन्न वडाका अध्यक्षहरूको उपस्थिति रहेको थियो ।

गाउँपालिकाले प्रस्तुत बजेटमार्फत स्थानीय विकासका कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ ।

# सिम्रौनगढ नगरपालिकाको बजेट ६१ करोड ६३ लाख ८० हजार




**मधेशदृष्टि**
**कलैया ।**
कृषि र पशु, शिक्षा, खेलकुद, स्वास्थ्य, भौतिक पूर्वाधार,समाजिक विकास, संस्कृतिक क्षेत्रलाई विषेश प्राथमिकतामा जोड दिदै बाराको सिम्रौनगढ नगरपालिकाले शनिबार आर्थिक वर्ष २०८३/०८४ का लागि नीति कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ ।

नगरपालिकाका नगर प्रमुख किशोरी प्रसाद कलवारले नगरपालिकाको ११ औं नगर सभाबाट आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ६१ करोड ६३ लाख ८० हजार रुपैयाँको निति कार्यक्रम तथा बजेट सार्वजनिक गरेका हुन् ।

संघीय सरकारबाट समानिकरण अनुदान १३ करोड ४६ लाख, सशर्त अनुदान २४ करोड ७७ लाख, सशर्त अनुदान पुजिगत २ करोड ११ लाख, समपुरक अनुदान ५३ लाख रुपैयाँ प्राप्त गर्ने उल्लेख गरिएको छ ।

प्रदेश सरकारबाट समानिकरण अनुदान ९३ लाख ९० हजार र समपुरक अनुदान २० लाख,विशेष अनुदान ३० लाख, सशर्त अनुदान ४० लाख, राजस्व बाँडफाड ८८ लाख ५७ हजार रुपैयाँ बराबरको अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

# इभी चार्जिङ सेन्टर संचालनमा आउन सकेन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–६ आदर्शनगरस्थित हजारीमल धर्मशालाको खाली जग्गामा निर्माण गरिएको विद्युतीय सवारीसाधन (इभी) चार्जिङ सेन्टर निर्माण सम्पन्न भएको करिब ६ महिना बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन । आवश्यक विद्युत् पूर्वाधारको अभावका कारण करोडौंको सरकारी लगानीमा बनेको संरचना प्रयोगविहीन बनेको हो ।

मधेश प्रदेश सरकारको करिब ३२ लाख रुपैयाँ लागतमा निर्माण गरिएको उक्त चार्जिङ सेन्टर निर्माण सम्पन्न भए पनि सञ्चालनका लागि आवश्यक ट्रान्सफर्मर जडान नहुँदा सेवा सुरु हुन नसकेको निर्माण कम्पनी इन्टर ट्रेड नेपालका प्रतिनिधि पुष्करराज ठाकुरले बताए ।

उनका अनुसार जिम्मेवारी प्राप्त गरेपछि २० दिनभित्रै निर्माण कार्य सम्पन्न गरिएको थियो । तर आवश्यक विद्युत् व्यवस्थापन नहुँदा चार्जिङ सेन्टर सञ्चालनमा आउन नसकेको हो ।

सम्पादकीय

# राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनः जनताका अपेक्षाहरू

२०७९ असार ७ गते स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले छोटो समयमै नेपाली राजनीतिमा एउटा विशिष्ट स्थान बनाउन सफल भएको छ । परम्परागत राजनीतिक दलहरूप्रति जनतामा बढेको वितृष्णा र परिवर्तनको चाहनालाई सम्बोधन गर्दै उदाएको यो दल केन्द्रीय सत्तामा झण्डै दुई तिहाइको बहुमतको सरकारमा सहभागी हुन पुगेको छ। आफ्नो स्थापना दिवसकै अवसर पारेर असार ७ गतेदेखि चितवनमा हुन लागेको प्रथम महाधिवेशन रास्वपाका लागि मात्र नभई समग्र नेपाली राजनीतिको भविष्यका लागि पनि महत्वपूर्ण मानिएको छ । यस महाधिवेशनले पार्टीको आन्तरिक संरचना, नीति तथा भावी दिशा निर्धारण गर्नेछ, जसलाई जनताले नजिकबाट नियालिरहेका छन्।

रास्वपाको उदयलाई जनताले पुरानो राजनीतिक शैली र भ्रष्टाचारको अन्त्यका रूपमा हेरेका छन् । यस महाधिवेशनबाट जनताले सुशासन, पारदर्शिता र जवाफदेहिताको बलियो प्रतिबद्धताको अपेक्षा गरेका छन्। पार्टीले आफ्ना घोषणापत्रमा उल्लेख गरेका भ्रष्टाचार नियन्त्रण, युवा रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार जस्ता विषयहरूलाई कसरी व्यवहारमा उतार्छ भन्नेमा आम नागरिकको चासो छ। महाधिवेशनले पार्टीको नेतृत्व चयन प्रक्रियालाई थप लोकतान्त्रिक र समावेशी बनाउनेछ भन्ने विश्वास पनि जनतामा छ, जसले गर्दा पार्टीभित्र आन्तरिक लोकतन्त्रको अभ्यास सुदृढ होस्।

यद्यपि, सत्तामा पुगेपछि रास्वपाले विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको छ। गठबन्धन सरकारको हिस्सा हुँदा आफ्ना एजेन्डाहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने बाध्यता, पार्टीभित्र बढ्दो गुटबन्दीको सम्भावना र नेतृत्वको स्थिरता कायम राख्नुपर्ने चुनौतीहरू महाधिवेशनका प्रमुख एजेन्डा बन्नुपर्छ। जनताले पार्टीलाई केवल नारामा मात्र सीमित नभई ठोस कार्ययोजनाका साथ अगाडि बढेको हेर्न चाहेका छन् । महाधिवेशनले यी चुनौतीहरूको सामना गर्न स्पष्ट रणनीति र कार्यदिशा तय गर्नुपर्नेछ, जसले पार्टीलाई थप परिपक्व र जिम्मेवार बनाउन सकोस्।

महाधिवेशनले पार्टीको सैद्धान्तिक आधार र दीर्घकालीन राजनीतिक विचारलाई पनि स्पष्ट पार्नुपर्ने आवश्यकता छ। रास्वपाले आफूलाई वैकल्पिक शक्तिका रूपमा प्रस्तुत गर्दै आएको छ, तर यसको स्पष्ट वैचारिक धरातल के हो भन्ने विषयमा अझै पनि अन्योल छ । देशको आर्थिक, सामाजिक र राजनीतिक समस्याहरूको समाधानका लागि पार्टीको दीर्घकालीन दृष्टिकोण र नीतिहरू के हुनेछन् भन्ने कुरा महाधिवेशनले प्रष्ट पार्नुपर्छ । यसले पार्टीलाई भविष्यमा आउने चुनौतीहरूको सामना गर्न र जनताको विश्वास जित्न मद्दत पुर्याउनेछ।

अन्ततः, रास्वपाको प्रथम महाधिवेशनले नेपाली राजनीतिमा नयाँ अध्यायको सुरुवात गर्ने अवसर प्रदान गरेको छ। जनताले यस पार्टीबाट केवल परिवर्तनको आशा मात्र नभई त्यसलाई यथार्थमा परिणत गर्ने दृढ संकल्प र कार्यक्षमताको अपेक्षा गरेका छन् । महाधिवेशनले पार्टीलाई थप सुदृढ, एकताबद्ध र जनमुखी बनाउन सफल भएमा यसले नेपाली राजनीतिको दिशालाई सकारात्मक रूपमा प्रभाव पार्नेछ।

अन्यथा, जनताको आशा निराशामा परिणत हुन धेरै समय लाग्ने छैन । यसर्थ, रास्वपाको नेतृत्वले जनताका अपेक्षाहरूलाई गम्भीरतापूर्वक लिई दूरगामी महत्वका निर्णयहरू गर्नुपर्ने देखिन्छ।

# पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनुपर्छ



– डा. तेजबहादुर कार्की

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हामी प्रायःपाश्चात्य सिद्धान्तमा आधारित एक प्रयोगशाला, तथ्याङ्क र मापनयोग्य परिणामलाई नै केन्द्रमा राख्ने गर्छौं। जब हामी कुनै अनुसन्धानको सुरुआत गर्छौं तब त्यो अनुसन्धानको सैद्धान्तिक आधारका लागि हाम्रो अवधारणासँग मिल्दोजुल्दो पाश्चात्य सिद्धान्त के छ, खोज्न थाल्छौँ । त्यसैलाई आधार मानेर अनुसन्धान गर्छौं र निष्कर्ष निकाल्छौँ।

तर, अनुसन्धानको सुरुकै चरणमा हामीले हाम्रो पूर्वीय दर्शन कति सम्पन्न छ भनेर खोज्ने प्रयास भने गर्दैनौँ। हामीले हाम्रो पूर्वीय दर्शनको गहन इतिहास, आध्यात्मिकता र चिन्तनले अनुसन्धानलाई नयाँ आयाम दिनसक्छ भन्ने विषयसम्मै पुग्दैनौँ । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनसक्ने प्रशस्त सैद्धान्तिक आधार हामीसँगै छन्। यदि पूर्वीय दर्शनको गहनतामाथि यथेष्ट चिन्तन अघि बढायौँ र सैद्धान्तिक आवश्यकतामा यसको प्रयोग गर्यौँ भने यसबाट हाम्रो शैक्षिक गतिविधिमा नयाँ आयाम त थपिनेछ । त्यसपछि विश्वसामु हाम्रो पूर्वीय दर्शनले दिने ज्ञानलाई नै एक प्रमाणित र प्रामाणिक सिद्धान्तका रुपमा स्थापना गर्न सक्नेछौँ।

पूर्वीय दर्शनको ज्ञानलाई अनुसन्धानसँग जोड्न सकेमा अनुसन्धानकर्ताको शैक्षिक जीवनमा ठूलो परिवर्तन ल्याई गुणात्मकता पनि थप्ने छ। साथै हाम्रै सभ्यता र मौलिकताको पूर्वीय दर्शनलाई प्रयो◌ेगमात्र गर्यौँ भने पनि हाम्रो शिक्षा पद्दतिमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ। यसबाट विद्यार्थीको ज्ञानको दायरा अहिलेको भन्दा कैयौँगुणा फराकिलो बनाउन सघाउ पुग्नेछ । यसबाट अध्ययन अनुसन्धानकर्ताको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन र अध्यात्मिक चेतना वृद्धि हुने त छँदैछ। यस्ता शैक्षिक जनशक्तिमा आउने यसप्रकारका परिवर्तनको अनन्त लाभ व्यक्तिमा मात्र सीमित नरहेर समाज र राष्ट्रसम्म नै पुग्नेछ। एकातर्फ हाम्रा दर्शन र सिद्धान्तहरु विश्वका अनुसन्धानदातासमक्ष छाउनेछन् भने अर्कातर्फ हाम्रा शैक्षिक जनशक्ति पनि सकारात्मक सोचले पूर्ण र अध्यात्मिक चेतले भरिपूर्ण भएर आउनेछन्।

पूर्वीय दर्शन विशेषगरी वैदिक, बौद्ध, जैन र योग दर्शन, हजारौँ वर्ष पुराना रहेको तथ्य त सबैमा विदितै छ। तर अहिलेसम्म यी ज्ञानका महासागरहरुलाई हामीले भने केबल धार्मिक मान्यताको परिधिभित्र मात्र सीमित पारिरहेका छौँ। यी अद्वितीय दर्शनहरुले मानवीय चेतना, ज्ञानको स्वरूप, नैतिकता र सदाचार, ब्रह्माण्डीय सत्यको खोजी आदिलाई केन्द्रबिन्दु बनाएका छन् । यति सम्पन्न यी दर्शनलाई हामीले धर्म र पौराणिकतामा मात्र राखेर बुझ्न र अध्ययन गर्न खोज्दा हामी नै पछिपरिरहेको अनुभूति हुनु स्वाभाविकै हो । उपनिषद्, पतञ्जलिको योगसूत्र, गीता, बुद्धका वचन, महावीर र अन्य धेरै ऋषिमुनि, सन्तहरुका अलौकिक उपदेश पूर्वीय ज्ञानका आधारस्तम्भ नै हुन्।

यी दर्शनले व्यक्तिभित्रको आत्मज्ञान र बाह्य प्रकृतिबीचको सन्तुलनलाई बडो आकर्षक रुपमा जोड दिएका छन् । जुन कुरा एक अनुसन्धानको मूल मर्मसँग पनि मेल खान्छ। एक अनुसन्धानकर्ताले पनि '३ पी' अर्थात् (पर्सन, प्लेस र प्रोबलम) को सुत्रः कुनै एक निश्चित भूगोलमा बस्ने व्यक्ति÷समुदायले भोगेको वा अनुभव गरेको समस्यालाई आधार मानेर नै अनुसन्धान सुरु गर्ने हो।

पूर्वीय दर्शनले दिने मुख्य ज्ञान भनेको आफूभित्रको सत्य बुझेर मात्र बाह्य सत्यको अनुभव सम्भव छ भन्ने नै हो। यसले आफैँमा अरुलाई खोज्नु अर्थात् आफूभित्रको सत्य नै अरुमा खोज्नु र तथ्य पत्ता लगाउनु हो भन्दछ। सारमा यसले बुझाउन खोजेको विषय भनेको सबै वस्तु आपसमा जोडिएका छन् (अन्तरसम्बन्धत्व), ज्ञानको अन्तिम लक्ष्य आनन्द र शान्ति हो, दुःखको मूल कारण आशक्ति र अज्ञानता हो, ध्यान, योग र आत्मचिन्तनबाट मात्र वास्तविक ज्ञान पैदा हुन्छ भन्ने हो । यही ज्ञानले नै कुनै एक अनुसन्धानकर्ताले कस्तो विषयमा अनुसन्धान गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने वास्तविकतालाई निर्देशित गर्छ। यसमा अनुसन्धानका विधि त विषयवस्तुको गहिराइ अनुसारका हुने नै भए।

पूर्वीय दर्शन केबल धार्मिक, पौराणिक आस्था मात्र होइन, नत सुन्ने परम्परा अर्थात् श्रुत ज्ञानहरुको सङ्ग्रह मात्र हो। यो त मानवीय पूर्ण चेतनाको परिष्कृतस्वरुप एवं जीवन रुपान्तरणको गहन र विशिष्ठ विज्ञान हो। यसले बाह्य संसारलाई भन्दाबढी आत्मअन्वेषण, विवेक र अनुभूतिलाई महत्व दिन्छ र जीवन र जगत्का जटिल समस्याहरूको पनि मूल कारण खोजेर समाधानका लागि आवश्यक दृष्टि प्रदान गर्दछ। हाम्रा छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दर्शन तथा दार्शनिक परम्पराका ज्ञानहरूलाई एकीकृत सिद्धान्तका रूपमा विकास गर्न सकिने अनेकन आधार र तथ्यहरु हामीसँगै छन्। यसो गर्न सकियो भने त्यसले केबल बौद्धिक सम्पदा समृद्ध बनाउने मात्र होइन, आधुनिक चुनौतीहरूको समाधानका लागि पनि मौलिक तथा वैचारिक आधारहरु निर्माण गर्न सक्दछ । मलाई लाग्दछ, पूर्वीय दर्शनले हामीलाई अनुकरणमा मात्र होइन, आफ्नै चिन्तन, विश्लेषण र आत्मबोधमा आधारित दार्शनिक आत्मनिर्भरतातर्फ उन्मुख गराउँछ।

हालको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, आधुनिकीकरण र कृत्रिम बुद्धिमताले विद्यार्थीमा मानसिक दबाब बढाएको पक्कै छ। यो दबाबले उनीहरुलाई तनावसमेत दिन थालेको छ। यसकारण उनीहरु एकाग्र र धैर्य बन्न पनि सकिरहेका छैनन् । त्यसकारण आफ्ना जीवनमा सफलता र समृद्धिको खोजिका लागि उनीहरु दशतिर कुद्नुपर्ने अवस्था सिर्जना भएको छ । यो दौडधूपले उनीहरुलाई केही हदसम्म भौतिक सुख त दिएको छ, तर मानसिक रुपमा भने दुःखी बनाइदिएको छ।

यस्तो अवस्थामा पूर्वीय ज्ञानको प्राप्तिले उनीहरुको व्यावहारिक पक्ष बलियो बनाउने छ । यसका लागि योग, प्राणायाम र आसनको वैज्ञानिक अध्ययन उचित हुन सक्छ। कुनै पनि व्यक्ति तथा अनुसन्धानकर्ताको बसाइको मुद्रा, सासको सजगता र नियमित योगले शरीरको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्न सक्छ। हृदय स्वास्थ्य र ऊर्जाको स्तर सुधार गर्छ। पूर्वीय दर्शनले विशेषगरी ध्यान (मेडिटेसन) र सजगता (माइन्डफुलनेस) बाट तनाव, चिन्ता र अवसाद (डिप्रेसन) घटाउन मद्दत गर्छ। अनुसन्धानकर्ताका लागि धेरै घण्टासम्म एकाग्र भएर काम गर्दा मानसिक थकान हुन्छ। यस्तो अवस्थामा बुद्धको शिक्षा 'सम्यक स्मृति (माइन्डफुलनेस)' ले यस्तो थकान घटाएर भावनात्मक सन्तुलन कायम राख्न सक्छ। अध्ययन अनुसन्धानकर्ताहरुका लागि यी पद्दतिहरु अहिले अचुक औषधि पनि बनिरहेका छन्।

हाम्रा पूर्वीय दर्शनलाई सिद्धान्तका रुपमा स्थापित गर्न सकिने केही उदाहरणहरु जस्तैः गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्य बौद्ध दर्शनको मूल आधार हो। यी सत्यहरूले मानव जीवनको दुःख, त्यसको कारण, समाधान र समाधानतर्फ जाने मार्गलाई स्पष्ट व्याख्या गर्छन्। यसलाई मानव जीवनका दुःख बुझ्ने वा त्यसको निवारण गर्ने एक सिद्धान्तका रुपमा स्थापना गर्न सकिन्छ। यसो गर्दा हाम्रा लाखौँ युवालाई दुःखको अनुभूतिबाट मुक्त गरेर शान्ति र सुखानुभूतिको मार्गमा डो¥याउन सकिन्छ । यो नै राष्ट्र निर्माणमा टेवा पुर्याउनसक्ने जनशक्ति हो। यसरी नै बुद्धका त्रिरत्न ('बुद्धम् शरणम् गच्छामी', 'धम्मम् शरणम् गच्छामी' र 'सङ्गम शरणम् गच्छामी') लाई ज्ञानको व्यवस्थापन वा ज्ञानको दिगोपनाको सिद्धान्त बनाउन सकिन्छ । मुण्डकोपनिषदमा ज्ञानलाई दुई भाग परा विद्या (उच्च ज्ञान÷आध्यात्मिक ज्ञान) र अपरा विद्या (निम्न ज्ञान÷सांसारिक ज्ञान) मा वर्गीकरण गरिएको छ। यसका आधारमा पनि ज्ञानको अध्ययन गर्न सकिन्छ।

हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेको मात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ। तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार÷मार्गचित्र बनाउन जरुरी छ । यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ताहरुको जोडबल आवश्यक छ। पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो । यसले अनुसन्धानकर्तालाई केबल तथ्य सङ्कलन गर्ने मेसिन मात्र बनाउँदैन, बरु संवेदनशील, सन्तुलित र समाजोपयोगी चिन्तक बनाउँछ। नेपालजस्तो सनातन पूर्वीय ज्ञानको भूमिमा प्राज्ञिक व्यक्तिहरुले यस विषयमा राष्ट्रिय बहस थाल्नु अतिआवश्यक छ किनभने आजको युगलाई समृद्धि र शान्ति दिने तथा जीवन र जगत्का हर समस्याको समाधान दिनसक्ने अनुसन्धानको जग नै पूर्वीय दर्शन हुनसक्छ। रासस

# सङ्घीयताको कार्यान्वयनः मधेश प्रदेशका स्थानीय तहबाट करदाता सेवा

मधेश प्रदेशका स्थानीय तहमा करदाता सेवा विस्तार हुन थालेको छ । सङ्घीय सरकारले नागरिकलाई सहज, छरितो र पहुँचयोग्य सेवा प्रदान गर्ने उद्देश्यसहित अघि सारेको 'स्थानीय तहबाटै करदाता सेवा' अवधारणाले व्यवहारिक रूप लिन थालेको हो।

नेपालमा सङ्घीयता लागू भएको एक दशक पुग्न लाग्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्रित संरचनाबाट सञ्चालन हुँदै आएका छन्। कर प्रशासन पनि त्यसमध्ये एक थियो। स्थायी लेखानम्बर (प्यान) दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी विभिन्न प्रक्रियाका लागि सेवाग्राहीले घण्टौँ यात्रा गर्नुपर्ने अवस्था थियो।

विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यो झन्झटिलो मात्र होइन, खर्चिलो पनि थियो। मधेश प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन हुन थालेको देखिन्छ। यसलाई सङ्घीय शासन प्रणाली कार्यान्वयनको एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ।

मधेश प्रदेशका ३२ वटा स्थानीय तहमा करदाता सेवा सुरु भएसँगै नागरिकले करसम्बन्धी कामका लागि जिल्ला सदरमुकाम वा आन्तरिक राजस्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुँदै गएको छ। सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहमा सेवा सुरु हुनु त्यसको उदाहरण हो।

प्रदेशको आठ जिल्लाका १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहबाट करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालयहरूले जनाएका छन्।

आन्तरिक राजस्व कार्यालय सिरहाका प्रमुख अमित पौडेलका अनुसार सप्तरीका १८ स्थानीय तहमध्ये १६ वटामा करदाता सेवा सुरु भइसकेको छ। बाँकी दुई पालिका पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उनले जानकारी दिए।

सप्तरीको सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कङ्कालनी, शम्भुनाथ, खडक नगरपालिका, बोदेबसाईन, डाक्नेश्वरी र सुरुङ्गा नगरपालिका तथा अग्निसाइर कृष्णासबरण, तिरहुत, महदेवा, तिलाठी कोइलाडी, राजगढ, विष्णुपुर, छिन्नमस्ता र बलानबिहुल गाउँपालिकामा करदाता सेवा सुरु भइसकेको प्रमुख पौडेलले जानकारी दिए । राजविराज नगरपालिका र रुपनी गाउँपालिकामा पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उनको भनाइ छ। सिरहामा भने कुनै पनि स्थानीय तहबाट अहिलेसम्म करदाता सेवा सुरु हुन नसकेको प्रमुख पौडेलले बताए । आन्तरिक राजस्व कार्यालय लहान र सदरमुकाम सिरहास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सिरहा जिल्लामा करदाता सेवा पुऱ्याउँदै आएको छ। यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले पनि केही दिनदेखि करदाता सेवा सञ्चालन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिए । धनुषाको केही स्थानीय तहहरूमा करदाता सेवा सञ्चालन सम्बन्धमा छलफल र सम्झौताको काम अघि बढेको उनले बताए।

सर्लाहीको लालबन्दी नगरपालिका, बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिवन नगरपालिका, हरिपुर्वा नगरपालिका र हरिपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासमा सूचना अधिकारी रोबिन साहले बताए। सर्लाहीको बाँकी चारवटा पालिकामा करदाता सेवा सञ्चालनका लागि प्रयास भइरहेको उनको भनाइ छ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटको सात वटा पालिकाबाट करदाता सेवा सञ्चालन भइसकेको छ । रौतहटको चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरीया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा विजयीपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख दिनेश पाण्डेले बताए। बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र करदाता सेवा सञ्चालन भइरहेको उनले जानकारी दिए।

रौतहट र बाराका केही स्थानीय तहबाट करदाता सेवा सञ्चालनका लागि सम्झौता र तालिम दिने काम भइरहेकाले यथाशीघ्र ती पालिकामा पनि करदाता सेवा सुरु गर्ने तयारी भइरहेको प्रमुख पाण्डेको भनाइ छ । उनका अनुसार सिरहा, महोत्तरी र पर्सा जिल्लाको कुनै पनि स्थानीय तहले अहिलेसम्म करदाता सेवा सञ्चालन गर्न सकेको छैनन्।

विगतमा आन्तरिक राजस्व कार्यालयहरूबाट दिँदै आएको व्यक्तिगत तथा व्यवसायी स्थायी लेखानम्बर जारी गर्ने, प्यान रुपान्तरण गर्ने तथा आयकर दर्तासम्बन्धी काम अब स्थानीय तहबाट प्राप्त हुन थालेका छन्। यसका साथै अन्तशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरण प्रक्रियाका लागि कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण पालिकाबाटै गरी अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था रहेको जनाएको छ।

स्थानीय तहबाट करदाता सेवा सञ्चालन भएपछि पालिकाभित्रका करदातालाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्नुको साथै करदातालाई समय र खर्च पनि बचत हुने सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवले विश्वास व्यक्त गरे।

करसम्बन्धी सेवालाई स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार र सङ्घीय निकायबीचको समन्वयलाई मजबुत बनाएको सङ्घीयता विज्ञसमेत रहेका राष्ट्रियसभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाले बताए।

'स्थानीय तहबाट सेवा प्रवाह हुनुको सबैभन्दा ठूलो लाभ नागरिकलाई पुग्नेछ,' डा. देवकोटाले भने, 'पहिले एउटा प्यान दर्ता वा नवीकरणका लागि दिनभर समय खर्च गरेर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो, अब त्यही सेवा आफ्नै पालिकाबाट प्राप्त गर्न सकिने भएको छ।' यसले समय र खर्च दुवै बचत गर्नुका साथै सेवाप्रति नागरिकको पहुँच बढ्ने र कर प्रणालीप्रति विश्वास पनि बलियो बन्ने अपेक्षा गर्न सकिने उनको भनाइ छ।

सङ्घीय सरकारको यस व्यवस्थाले कर प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि मद्दत गर्ने सङ्घीयता विज्ञ डा. देवकोटाले विश्वास व्यक्त गरे। स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकाय भएकाले करदाताको विवरण अद्यावधिक राख्न, करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन सहज हुने उनले बताए।

'तर चुनौतीहरू पनि कम छैनन्,' डा. देवकोटाले भने, 'मधेश प्रदेशका सिरहा, महोत्तरी र पर्सा जिल्लाका स्थानीय तहमा अझै सेवा सुरु हुन सकेको छैन। आवश्यक जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभावले सेवा विस्तारमा ढिलाइ भइरहेको देखिन्छ।' सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमात्र यो अभियान पूर्ण सफल हुन सक्छ उनको भनाइ छ।

डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अर्को महत्वपूर्ण पक्ष हो। स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति डिजिटल हस्ताक्षरमार्फत आन्तरिक राजस्व कार्यालयबाट हुने व्यवस्था गरिएको छ।

यसले सेवा प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउने भए पनि इन्टरनेट, प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ।

'सङ्घीयताको मूल मर्म भनेकै नागरिकलाई घरदैलोमा सेवा उपलब्ध गराउनु हो,' नागरिक समाजका अगुवा राजकुमार साहले भने, 'करदाता सेवा स्थानीय तहसम्म विस्तार हुनु यही मर्मको व्यावहारिक अभ्यास हो, मधेश प्रदेशमा सुरु भएको यो पहललाई देशका अन्य प्रदेशमा पनि प्रभावकारी रूपमा विस्तार गर्न सकिए कर प्रशासन थप नागरिकमैत्री बन्नेछ।'

स्थानीय तहबाट करदाता सेवा सञ्चालन हुनु केवल प्रशासनिक सुधार मात्र होइन, नागरिकको समय, श्रम र खर्च बचाउने तथा राज्यप्रति विश्वास बढाउने महत्वपूर्ण कदम भएको उनको भनाइ छ। रासस

## सम्बन्धित स्थानबाटै सम्परीक्षण गरिएकाले

# कक्षा १२ को नतिजा प्रकाशन छिटो भएको होः शिक्षामन्त्री

**काठमाडौँ ।**
शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जनशक्ति थपेर सम्बन्धित स्थानमै सम्परीक्षणको व्यवस्था गरिएकाले कक्षा १२ को नतिजा प्रकाशन विगतमा भन्दा छिटो भएको बताएका छन् । उक्त नतिजा 'हतारोमा वा असामान्य छिटो' आएको भन्ने प्रतिक्रियाका सम्बन्धमा शनिबार सामाजिक सञ्जालमार्फत स्पष्ट पार्दै उनले विगतमा उत्तर पुस्तिका परीक्षणपश्चात् सम्परीक्षणका लागि सबै सामग्री काठमाडौँ ल्याउने व्यवस्था रहेकामा यस वर्ष सम्बन्धित स्थानबाटै गर्न सकिने व्यवस्था मिलाइएको बताएका हुन । उत्तर पुस्तिका लामो समयसम्म रोकिराख्ने प्रवृत्तिमा नियन्त्रण गर्दै परीक्षण प्रक्रिया समयमै सुरु गरिएको हो ।



यसको अर्थ कसैलाई हतार हतार परीक्षण गर्न लगाइएको भने होइन, मन्त्री पोखरेलले भने, परीक्षण कार्यलाई प्रभावकारी बनाउन विगतभन्दा बढी जनशक्ति परिचालन गरिएको थियो । प्रशासनिक तथा प्रक्रियागत ढिलासुस्ती पनि हुन दिइएको छैन । उनले पुनः योग शुल्क गत वर्षको पूरक परीक्षादेखि नै लागू भएको पनि जनाएका छन् । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को नतिजा शुक्रबार सार्वजनिक गरेको थियो । रासस

राස्वपामा लागेका अधिकांश व्यक्तिको आन्तरिक पेसा भएकाले चन्दा नै उठान नपरेको उनको भनाइ छ । राස्वपाका नेता तथा कार्यकर्ता यातायात र आवासको व्यवस्था आफैँ गर्न सक्ने अवस्थामा रहेको प्रवक्ता झाले बताए । हामीले महाधिवेशनमा आउने टिकटको व्यवस्था आफैँ गरेका छौँ । होटल बुक पनि आफैँ नै गर्ने हो, उनले भने, राजनीतिमा आउने व्यक्तिको वैकल्पिक पेसा हुनुपर्छ । कसैलाई चन्दा माग्ने हो भने उसले लाभ लिन खोज्छ ।
व्यापारिक घरानामा रसिद पठाउने अभ्यास बन्द गर्नुपर्ने उनले बताए । निर्वाचनका बेला पनि रास्वपाले पैसा माग्ने काम गरेन । जनताका लागि काम गर्न आयौँ भन्छौँ, तर जनता व्यापारीसँग उल्टै पैसा लिन थाल्छौँ । त्यो त राजनीति नै भएन नि ! उनले भने, हामीले सहयोग माग्छौँ त्यो मान्छेको स्वार्थ हुन्छ । रास्वपाको प्रथम महाधिवेशन यही असार ७ देखि ९ गतेसम्म चितवनको भरतपुरमा हुँदैछ । रासस

# रास्वपाले महाधिवेशनका लागि चन्दा सङ्कलन गरेको छैन



**भरतपुर ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले पार्टीको प्रथम महाधिवेशनका लागि उद्योगी व्यापारीमार्फत चन्दा सङ्कलन नगरेको स्पष्ट पारेका छन् ।
महाधिवेशन स्थलमा शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै प्रवक्ता झाले महाधिवेशनका नाममा व्यापारी र घरना समूहलाई रसिद पठाउने अभ्यास अन्त्य गरिएको बताए । हामीले आफ्नो व्यवस्था आफैँ गरेका छौँ, उनले भने, महाधिवेशनका लागि नै भनेर कुनै घराना व्यापारीलाई रसिद पठाएका छैनौँ । महाधिवशेन सञ्चालनका लागि चार करोड रूपैयाँ लाग्ने अनुमान रास्वपाले गरेको छ । सो रकम सांसद, केन्द्रीय समिति, विभिन्न विभागका सदस्यबाट उठ्ने लेबी तथा महाधिवेशन प्रतिनिधिबाट उठ्ने उनले बताए ।
हामी सांसदले प्रतिमहिना रु १६ हजार ५०० उठाउँछौँ । त्यहाँबाट महिनामा रु ३२ लाख सङ्कलन हुन्छ । केन्द्रीय सदस्यले वार्षिक रु २५ हजार सङ्कलन गर्दछौँ, उनले भने, महाधिवेशन प्रतिनिधिबाट नै रु डेढ करोड सङ्कलन हुन्छ ।
उनले शुभेच्छुकहरूलाई आन्तरिक रूपमा 'क्युआर' पठाइएको बताए । रास्वपामा लागेका अधिकांश व्यक्तिको आन्तरिक पेसा भएकाले चन्दा नै उठान नपरेको उनको भनाइ छ । रास्वपाका नेता तथा कार्यकर्ता यातायात र आवासको व्यवस्था आफैँ गर्न सक्ने अवस्थामा रहेको प्रवक्ता झाले बताए । हामीले महाधिवेशनमा आउने टिकटको व्यवस्था आफैँ गरेका छौँ । होटल बुक पनि आफैँ नै गर्ने हो, उनले भने, राजनीतिमा आउने व्यक्तिको वैकल्पिक पेसा हुनुपर्छ । कसैलाई चन्दा माग्ने हो भने उसले लाभ लिन खोज्छ ।
व्यापारिक घरानामा रसिद पठाउने अभ्यास बन्द गर्नुपर्ने उनले बताए । निर्वाचनका बेला पनि रास्वपाले पैसा माग्ने काम गरेन । जनताका लागि काम गर्न आयौँ भन्छौँ, तर जनता व्यापारीसँग उल्टै पैसा लिन थाल्छौँ । त्यो त राजनीति नै भएन नि ! उनले भने, हामीले सहयोग माग्छौँ त्यो मान्छेको स्वार्थ हुन्छ । रास्वपाको प्रथम महाधिवेशन यही असार ७ देखि ९ गतेसम्म चितवनको भरतपुरमा हुँदैछ । रासस

# हामी लोकतन्त्रप्रति प्रतिबद्ध छौँः लामिछाने




**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो पार्टी लोकतन्त्रबाट कहिल्यै विमुख नहुने बताएका छन् । पार्टीको महाधिवेशनअघि शनिबार भएको बैठकमा उनले लोकतन्त्रबाट आफूहरू कदापि विमुख नहुने प्रतिबद्धता व्यक्त गरे । उनले भने 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान मुलुकलाई अहिलेको अवस्थामा ल्याउन योगदान गरेकाहरूको जगमा हामी उभिएका छौँ, हामीलाई यसमा गर्व छ । हामी गर्वका साथ यो परिवर्तनको सँघारमा उभिएका छौँ, लोकतन्त्रबाट विमुख हुनेछैनौँ' । आन्तरिक लोकतन्त्रलाई मजबुत पार्न सकिएन भने कुनै न कुनै बिन्दुमा पुगेर त्यसले दुर्घटना निम्त्याउने भन्दै उनले भने 'एउटा घरमा पनि दुर्घटना र समाजमा हुने दुर्घटना भन्दा राजनैतिक पार्टीमा हुने दुर्घटनाको निकै ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।'
सचेत भएर अबका कदम चाल्नुपर्ने उनले बताए । जुन भूमिकामा रहे पनि आफूलाई जिम्मेवार नागरिकका रुपमा प्रस्तुत गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिँदै सभापति लामिछानेले अस्वस्थ प्रतिस्पर्धाबाट टाढा रहनुपर्नेमा जोड दिए । पार्टीलाई अझ व्यवस्थित एवं गतिशील तुल्याउन अधिवेशन सफल हुने विश्वास पनि उनले व्यक्त गरे । रासस

# कृषि क्षेत्रको उन्नयनका निम्ति हरसम्भव प्रयत्न गरिरहेका छौँ

**नारायणगढ ।**
कृषि तथा वन विज्ञान विश्वविद्यालयको पाँचौँ दीक्षान्त समारोह शनिबार सम्पन्न भएको छ । विश्वविद्यालयबाट दुई हजार १९३ विद्यार्थी दीक्षित भएका छन् । त्यस अवसरमा विश्वविद्यालयका सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मुलुकको भविष्य कृषिको विकासबाट उज्ज्वल हुने भएकाले सरकारले यस क्षेत्रको उन्नयनका निम्ति हरसम्भव प्रयत्न गरिरहेको बताए ।
चितवनको परिचय कृषि तथा वन विज्ञान विश्वविद्यालय भएको बताउँदै उनले दीक्षित विद्यार्थीलाई प्राप्त शैक्षिक उपाधि केवल प्रमाणपत्रमात्र नभई राष्ट्रप्रतिको जिम्मेवारी, समाजप्रतिको उत्तरदायित्व र भावी पुस्ताप्रतिको प्रतिबद्धताको प्रतीक मानेर तदनुरुप काम गर्न अनुरोध गरे । विश्वविद्यालयबाट आर्जित ज्ञान, सीप, अनुसन्धान क्षमता र व्यावसायिक दक्षताले देशको कृषि, पशुपालन तथा प्राकृतिक स्रोत व्यवस्थापनमा नयाँ युगको सुरु गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले मुलुकको आर्थिक रूपान्तरणका लागि कृषि क्षेत्र नै



मुख्य आधार भएकाले कृषि रूपान्तरणको आधार विज्ञान, प्रविधि र दक्ष जनशक्ति हो भने ।
प्रमुख अतिथि लद्दाख विश्वविद्यालयका उपकुलपति प्राध्यापक साकेत कुसवाहाले नेपाल र भारतबीचको साझा सांस्कृतिक, दार्शनिक तथा ज्ञान परम्पराको चर्चा गर्दै शिक्षा नै मानव जीवनको मार्गदर्शक प्रकाश हो भने ।
विश्वविद्यालयका उपकुलपति प्रा होमबहादुर बस्नेतले दीक्षित विद्यार्थीहरूलाई केवल रोजगारी खोज्ने नभई रोजगारी सिर्जना गर्ने उद्यमी बन्न आग्रह गरे । विश्वविद्यालयका रजिष्ट्रार प्रा सुवीर सिंहका अनुसार स्नातक तहमा एक हजार ८३६, स्नातकोत्तर तहमा ३२७ र ३० जनाले विद्यावारिधि उपाधि हासिल गरेका छन् । रासस

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउँछः पर्यटनमन्त्री पौडेल



**रुपन्देही ।**
संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री खडक राज पौडेलले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन हुने बताएका छन् । ट्राङ्क्विलिटी स्पाले शुक्रबार रुपन्देहीको भैरहवामा आयोजित गरेको एक कार्यक्रममा उनले यसको लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको जानकारी दिए ।
राजनीतिक तथा कुटनीतिक कारणले विमानस्थल नचलेको भन्ने कुरामा सत्यता नरहेको उनको भनाइ थियो । मन्त्री पौडेलले नीतिगत त्रुटी मूलभूत कारण भएको उल्लेख गर्दै यसलाई सच्याउने कार्य भइरहेको उनको भनाइ छ ।
पौडेलले भने, घरमै बसेर श्रम स्वीकृति लिन सकिने व्यवस्था गरिएको छ ।
यसका लागि काठमाडौँ जान पर्दैन । मन्त्री पौडेलले जहाजमा केवल नेपाली श्रमिकलाई विदेश लैजाने र घर ल्याउनेभन्दा पनि पर्यटक (यात्रु) ल्याउन प्रवद्र्धनका कार्यक्रम गर्न आवश्यक रहेको बताए । उनले भविष्यमा निजगढ विमानस्थल पनि बन्नुपर्ने बताए । रासस

# सातै प्रदेशमा 'ब्लु बस' सञ्चालनको तयारी

**काठमाडौँ ।**
सरकारले महिलालाई लक्षित गरी सातवटै प्रदेशमा 'ब्लु बस' सञ्चालनको तयारीलाई अघि बढाएको छ । सरकारको १०० दिनको कार्यसूचीअनुसार महिलाको सुरक्षित, सहज र सम्मानजनक सार्वजनिक आवागमन सुनिश्चित गर्न निःशुल्क 'ब्लु बस' सेवा सञ्चालनको तयारी अघि बढाइएको हो ।
कार्ययोजनाअनुसार पहिलो चरणमा १०० दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने लक्ष्य राखिएको जनाइएको छ । यसअन्तर्गत काठमाडौँ उपत्यकामा साझा यातायातसँगको सहकार्यमा कम्तीमा सात वटा बसलाई 'ब्लु बस'का रूपमा सञ्चालन गर्ने योजना अघि बढाइएको छ । साथै काठमाडौँ उपत्यका बाहिर सबै प्रदेशका यातायात व्यवसायी सङ्घसँग समन्वय गरी कम्तीमा १८ वटा बस सञ्चालनको तयारी गरिएको छ ।
मन्त्रालयका अनुसार ब्लु बस सेवा सञ्चालनका लागि आवश्यक कार्यविधि, समय सारिणीसहितको कार्ययोजना, शीर्षकगत लागत अनुमान तथा सञ्चालनको जिम्मेवारी निर्धारण गरिएको मस्यौदा प्रस्ताव साझा यातायातबाट प्राप्त भइसकेको छ । प्राप्त प्रस्तावका आधारमा आवश्यक प्रशासनिक तथा प्राविधिक तयारी भइरहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार काठमाडौँ उपत्यकामा ब्लु बस सेवा सञ्चालनका लागि साझा यातायातसँग निरन्तर समन्वय भइरहेको छ । सेवा सञ्चालनका विभिन्न विकल्पसहित तयार पारिएको प्रस्ताव मन्त्रालयमा निर्णयका लागि पेस गरिएको छ भने आवश्यक प्रक्रियाहरू अगाडि बढाइएको छ ।
सरकारले सार्वजनिक यातायातमा महिला तथा बालिकाको सुरक्षालाई प्राथमिकता दिँदै ब्लु बस सेवालाई क्रमशः विस्तार गर्ने योजना बनाएको छ । आगामी आर्थिक वर्षमा सातै प्रदेशमा ब्लु बस सेवा सञ्चालनका लागि आवश्यक बजेट तथा कार्यक्रमसमेत प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ । ब्लु बस सेवा सञ्चालनमा आएपछि विशेष गरी विद्यार्थी, श्रमिक, कर्मचारी तथा दैनिक रूपमा सार्वजनिक यातायात प्रयोग गर्ने महिलालाई सुरक्षित र सहज यात्राको वातावरण उपलब्ध हुने अपेक्षा गरिएको छ । यसले सार्वजनिक यातायातमा हुने दुर्व्यवहार तथा असुरक्षाको अनुभूति न्यूनीकरण गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।
सार्वजनिक यातायातमा सिसीटिभी र ड्यासक्याम सार्वजनिक यातायातमा हुने लैङ्गिक हिंसा तथा अपराध नियन्त्रणका लागि सिसीटिभी र ड्यासक्याम जडानलाई प्राथमिकता दिइएको छ ।
प्रगति विवरणअनुसार साझा यातायातका १११ बस, महागर यातायातका ४६ बस तथा पाँचपोखरी सुनौलो यातायातका तीन बसमा सिसीटिभी तथा ड्यासक्याम जडान गरी सञ्चालनमा ल्याइएको छ । अन्य सार्वजनिक यातायातका साधनमा पनि जडान विस्तारको काम भइरहेको मन्त्रालयले जनाएको छ । ट्राफिक प्रहरीमार्फत अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । सार्वजनिक सवारीलाई प्रविधिमैत्री, सुरक्षित र यात्रुमैत्री बनाउने मापदण्डको मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पठाइएको छ । रासस

# रास्वपाको प्रतिनिधि संख्या ४ हजारभन्दा बढी

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशन प्रतिनिधि चार हजार २०० भन्द बढी हुने भएको छ । प्रारम्भिक तथ्याङ्कअनुसार चार हजार २१० प्रतिनिधि हुने केन्द्रीय सचिवालयले जनाएको छ । सचिवालयका सङ्गठन विभाग सचिव शङ्कर श्रेष्ठका अनुसार प्रारम्भिक तथ्याङ्कमा तीन हजार ८१० प्रतिनिधि देखिएको छ । यसमा २५ देशका प्रभास सम्पर्क विभागबाट २०० हाराहारी प्रतिनिधि थप हुने उनले जानकारी दिए ।
विधानतः सभापतिले मनोनय गर्ने संख्या २०० रहेको छ । यसका अतिरिक्त समूहगत रुपमा पार्टी प्रवेश गर्नेबाट अरु केही थप हुनसक्ने श्रेष्ठले बताए । आज बिहानसम्ममा गरिएको सूचीमाथि दाबी विरोध, दोहोरो पर्ने र छुटपुट भएमा त्यसलाई समावेश गरी अन्तिम नामावली प्रकाशन गरिनेछ ।
प्रारम्भिक तथ्याङ्कअनुसार कोशी प्रदेशबाट प्रतिनिधिको सङ्ख्या ५२० रहेको छ । मधेसबाट ६३०, बागमतीबाट ७९०, लुम्बिनीबाट ४९०, गण्डकीबाट ४७०, कर्णालीबाट ३६० र सुदूरपश्चिमबाट ५५० जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुने उनले बताए । महाधिवेशन प्रतिनिधिका रुपमा पालिका सभापति, क्षेत्रीय सभापति र उपसभापति, जिल्ला सभापतिसहित पाँच जना, प्रदेश समितिका सबै सदस्यहरु रहने व्यवस्था छ ।




यसैगरी, प्रदेशको विभाग, अनुशासन आयोग र सल्लाहकार परिषद्का पदाधिकारी प्रतिनिधि हुने व्यवस्था छ । सङ्घीय नेतृत्व मञ्चका सबै केन्द्रीय समितिका सबै, केन्द्रमा रहेको ३८ वटा विभागका ११ जनाका दरले सदस्य र केन्द्रीय निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोगका ११ जनाका दरले प्रतिनिधि हुनेछन् ।
प्रत्येक गाउँपालिकाबाट एक जना, नगरपालिकाबाट दुई जना, उपमहानगरपालिकाबाट तीन जना र महानगरपालिकाबाट चार जना प्रतिनिधि हुनेछन् । प्रदेश सम्पर्क विभागबाट तीन जनाका दरले र जिल्ला सम्पर्क विभागबाट एक–एक जनाका दरले प्रतिनिधि हुने व्यवस्था छ ।
गत प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाकातर्फबाट उपविजेता र समानुपातिक सूचीमा रहेका प्रतिनिधि हुनेछन् । यस्तै २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा उपविजेता र समानुपातिक बन्दसूचीमा रही पार्टीमा सक्रिय भएका पनि प्रतिनिधि रहनेछन् । केन्द्रीय समितिमा नरहेका प्रतिनिधिसभा सदस्यसमेत प्रतिनिधि हुने व्यवस्था छ ।
आइतबार भरतपुरको गेष्टहाउस चौरमा उद्घाटन सत्र हुनेछ भने बन्दसत्र उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा हुनेछ । महाधिवेशनका लागि पार्टी सभापति रवि लामिछानेसहितका नेताहरु चितवन आइसकेका छन् । प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह आइतबार नै चितवन आउने कार्यक्रम रहेको छ । रासस

# ‘ड्रागन फ्रुट’खेतीबाट १२ लाख आम्दानी



**सुनसरी ।**
सुनसरी जिल्लाको हरिनगर गाउँपालिका–३ गौतमपुरका किसान रामेश्वर मेहताले पाँच कट्ठा जग्गामा ड्रागन फ्रुटखेती गरेका छन् । उनले करिब आठ लाख लागतमा खेती सुरु गरेका हुन् । मेहताका अनुसार रु एक लाख ५६ हजार बिरुवामा मात्रै खर्च भएको छ । बाँकी खर्च पिलर, टायररहोल्डर, कम्पोष्ट मल, सुडामोनस, खाद्य, रोपाइँ तथा तीन पटकसम्मको सिँचाइ, मजदुरको ज्यालालगायतमा खर्च भएको मेहताले जानकारी दिए ।
‘खेती सुरु गर्दा आम्दानीभन्दा खर्च बढी थियो । हिले आम्दानी हुन थालेपछि उत्साहित भएको छु’, उनले भने । परम्परागत खेती छाडेर व्यावसायिक रूपमा ड्रागनखेती गरेकामा यस वर्ष पाँच कट्ठामा रोपिएका बिरुवाबाट १२ लाखभन्दा बढी आम्दनी हुने लक्ष्य लिएको मेहताले बताए । सुरुआती लगानी र मेहनतपश्चात् अहिले उनले उत्साहजनक प्रतिफल प्राप्त गरिरहेका छन् ।
प्रतिकट्ठा करिब एक हजार ४०० किलो ड्रागन फ्रुट उत्पादन हुने लक्ष्य रहेको मेहताले बताए । अन्नबालीमा मात्र सीमित रहने यस क्षेत्रका कृषकका लागि रामेश्वर मेहताको यो व्यावसायिक खेती एउटा अनुकरणीय र प्रेरक उदाहरण बनेको छ ।
कम मेहनत र राम्रो बजार भाउ पाउने भएपछि स्थानीयस्तरमा यसको खेतीतर्फ अन्य कृषकको आकर्षण बढ्न थालेको छ । यस खेतीबाट प्रशस्त आम्दानी आउन थालेपछि खेती विस्तार गर्ने तयारी थालेको किसान मेहताले बताए ।
जिल्लामा ५० हेक्टर क्षेत्रफलमा ड्रागन फ्रुटखेती हुँदै आएको कृषि ज्ञान केन्द्र इनरुवाका प्रमुख नीलकमल सिंहले जानकारी दिए । उनका अनुसार जिल्लामा १२ दशमलव पाँच मेट्रिकटन प्रतिहेक्टर ड्रागन फ्रुट उत्पादन हुँदै आएको छ । रासस

# उखु र बेसारखेतीको व्यावसायिक प्रवर्द्धनमा विनयी त्रिवेणी गाउँपालिका

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको विनयी त्रिवेणी गाउँपालिकाले उखु र बेसारखेतीको व्यावसायिक प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै उत्पादन वृद्धि तथा किसानको आयआर्जन बढाउने अभियानलाई तीव्रता दिएको छ । गाउँपालिकाले स्थानीयस्तरमा रहेका सम्भावनाको अध्ययन गरी नगदे बालीका रूपमा उखु र बेसारखेती विस्तारमा विशेष जोड दिएको हो । सात वटा वडामा फैलिएको गाउँपालिकामा कृषिलाई मुख्य आयआर्जनको आधार बनाउने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित ‘नगदे बाली खेती प्रविधि अनुकूलन तथा व्यवसायीकरण कार्यक्रम’ मार्फत उखु र बेसारखेतीको उत्पादन बढाउन विभिन्न योजना कार्यान्वयनमा ल्याइएको गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताए । अध्यक्ष गिरीका अनुसार कृषिबाट स्थानीय नागरिकको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले गाउँपालिकाले किसानलाई आवश्यक प्रविधि, बीउबिजन, कृषि सामग्री तथा अनुदान उपलब्ध गराउँदै आएको छ । ‘कृषि उत्पादन बढेमा किसानको आम्दानी स्वतः बढ्छ र स्थानीय अर्थतन्त्र पनि सबल बन्छ’, उनले भने, ‘त्यसैले हामीले सम्भावना भएका नगदे बालीको उत्पादन वृद्धि गर्न नवप्रवर्तन कार्यक्रम मार्फत लगानी गरिरहेका छौँ ।’
गाउँपालिकाका कृषि प्राविधिक मनोज चापागाईँका अनुसार उखु र बेसारखेती विस्तारका लागि किसानलाई समूहमा आबद्ध गराई कार्यक्रम सञ्चालन गरिएको छ । उखुखेती गर्ने किसानलाई उन्नत जातको बीउ, बाली संरक्षण सामग्री तथा उत्पादन वृद्धि गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको छ । त्यस्तै उखुखेती हुने क्षेत्रमा सिँचाइको सुविधा विस्तार गर्न साना सिँचाइ आयोजनाअन्तर्गत डिप बोरिङ निर्माणसमेत गरिएको उनले बताए । बेसारखेती गर्ने किसानका लागि भने बीउ, प्राङ्गारिक मल, सुरक्षा सामग्री तथा प्राविधिक परामर्श उपलब्ध गराउने गरिएको छ । मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत करिब रु एक करोड ५० लाख लगानी गरी उखु र बेसारखेती प्रवद्र्धनका कार्यक्रम सञ्चालन गरिएको चापागाईँले जानकारी




दिए । उनका अनुसार बेसारखेती गर्ने आठ वटा कृषक समूहलाई ३० टन बेसारको बीउ उपलब्ध गराइएको छ । यस क्षेत्रमा बेसार उत्पादनको सम्भावना राम्रो रहेको, सिँचाइको आवश्यकता कम पर्ने तथा बजार व्यवस्थापन अपेक्षाकृत सहज भएकाले बेसारखेतीलाई विशेष प्राथमिकता दिइएको कृषि प्राविधिक चापागाईँले बताए ।
उत्पादन बढेसँगै स्थानीय किसानले राम्रो आम्दानी लिन सक्ने विश्वास गाउँपालिकाको छ । उखु उत्पादनका लागि गाउँपालिकाको वडा नम्बर ६ र ७ उपयुक्त क्षेत्र भएकाले सोहीअनुसार कार्य गरिएको छ । बेसारखेतीका लागि वडा नम्बर १, २, ३ र ४ लाई विशेष प्राथमिकता दिएर काम गरिएको कृषि प्राविधिक चापागाईँले बताए ।
कृषिमा यान्त्रिकीकरणलाई प्रोत्साहन गर्न गाउँपालिकाले कृषक समूहलाई ट्याक्टर, रोटाभेटर, कल्टीभेटर र ट्रलीलगायत कृषि उपकरण हस्तान्तरण गरेको छ । पचास प्रतिशत अनुदानमा दुई वटा कृषक समूहलाई ट्याक्टर उपलब्ध गराइएको छ भने जैविक मल उत्पादन गरिरहेको विनयी सामुदायिक वनसँगको साझेदारीमा मल उत्पादन र ढुवानीलाई सहज बनाउन एउटा ट्याक्टरसहित आवश्यक सामग्री प्रदान गरिएको छ ।
गाउँपालिकाले कृषि क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी र आयमुखी बनाउने लक्ष्यका साथ आगामी वर्षहरूमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिने कृषि प्राविधिक चापागाईँले बताए । स्थानीय किसानलाई उत्पादन वृद्धि, बजार पहुँच र कृषि प्रविधिसँग जोड्दै आत्मनिर्भर कृषि प्रणाली निर्माण गर्ने दिशामा गाउँपालिका सक्रिय रूपमा लागिपरेको छ उनको भनाइ छ । ‘मुख्य गरी कृषि उत्पादन बढाउने र त्यसबाट स्थानीय समुदायको आयआर्जन वृद्धि गराउने लक्ष्य हाम्रो हो, सोहीअनुसार काम गरिरहेका छौँ’, कृषि प्राविधिक चापागाईँले भने । रासस

# पाराग्वेसँग पराजित हुँदै विश्वकपबाट बाहिरियो टर्की



**अमेरिका ।**
फिफा विश्वकप फुटबल, २०२६ अन्तर्गत शनिबार भएको खेलमा पाराग्वेले टर्कीलाई पराजित गरेको छ ।
अमेरिकाको सान फ्रान्सिस्को बे एरिया स्टेडियममा भएको खेलमा पाराग्वेले टर्कीलाई १–० गोलअन्तरले पराजित गरेको हो । हारसँगै टर्की प्रतियोगिताबाट बाहिरिएको छ । पाराग्वेको जितमा माटियास गालार्जा नायक बने । उनले खेल सुरुआत दोस्रो मिनेटमा गरेको एक गोल नै पाराग्वेको लागि निर्णायक गोल सावित भयो । खेलको पहिलो हाफको अतिरिक्त समयमा मिगुएल अल्मिरोन रातो कार्ड पाएर मैदान बाहिरिएसँगै पाराग्वे १० खेलाडीमा सीमित भएको थियो । त्यसपछि टर्कीले निरन्तर दबाबमा राखे पनि गोल गर्न सकेन ।
यस जितसँगै समूह ‘डी’ मा रहेको पाराग्वेले शीर्ष तीन अंक बटुलेको छ । यसै समूहमा रहेको अमेरिकाले दुई खेलमा छ अंक जोड्दै विश्वकपको नकआउट चरणमा प्रवेश गरिसकेको छ । समान दुई–दुई खेल खेलेका अष्ट्रेलिया तीन अंक जोड्दै अङ्क तालिकाको दोस्रो स्थानमा छ भने समान तीन अङ्क नै बुटुलेको पाराग्वे तेस्रो स्थानमा छ । रासस

# भारतमा जुन २२–२३ मा ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठक

**नयाँदिल्ली ।**
भारतले जुन २२ र २३ मा ब्रिक्स राष्ट्रहरूको राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठक आयोजना गर्ने भएको छ । भारतको विदेश मन्त्रालय (एमईए) का अनुसार बैठकको अध्यक्षता राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले गर्ने विदेश मन्त्रालय (एमइए) ले शनिबार जनाएको छ ।
बैठकमा ब्रिक्स सदस्य राष्ट्रका राष्ट्रिय सुरक्षा सल्लाहकार तथा प्रतिनिधिमण्डल प्रमुखहरूले विश्वले सामना गरिरहेका परम्परागत तथा उदीयमान सुरक्षा चुनौतीबारे व्यापक छलफल गर्ने कार्यक्रम छ । विशेषगरी द्रुत रूपमा परिवर्तन भइरहेका सुरक्षा जोखिम र तीसँग सम्बन्धित नयाँ प्रविधिको भूमिकाबारे विचार आदानप्रदान हुने जनाइएको छ । बैठकमा आतंकवादविरुद्धको सहकार्य तथा सूचना एवं सञ्चार प्रविधिको



सुरक्षित प्रयोगसम्बन्धी हालै सम्पन्न ब्रिक्स संयुक्त कार्य समूहका निष्कर्षहरूको पनि समीक्षा गरिनेछ । भारतले यसअघि सन् २०१२, २०१६ र २०२१ मा ब्रिक्सको अध्यक्षता गरिसकेको छ । सन् २०२६ मा भारतले चौथोपटक ब्रिक्सको अध्यक्षता गरिरहेको छ । यस वर्षको भारतीय अध्यक्षता ‘समावेशिता, नवप्रवर्तन, सहयोग र दिगोपनका लागि निर्माण’ भन्ने मूल विषयवस्तुमा केन्द्रित रहेको मन्त्रालयले जनाएको छ । यो दृष्टिकोण सन् २०२५ मा रियो दि जेनेरियोमा आयोजित ब्रिक्स शिखर सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको जनकेन्द्रित र मानवतामुखी सोचसँग मेल खाने बताइएको छ ।
हाल ब्रिक्समा ११ उदीयमान तथा विकासोन्मुख राष्ट्रहरू आबद्ध छन् । सदस्य राष्ट्रहरूमा ब्राजिल, चीन, इजिप्ट, इथियोपिया, भारत, इन्डोनेसिया, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्स रहेका छन् ।
ब्रिक्सले विश्वव्यापी तथा क्षेत्रीय महत्वका राजनीतिक, आर्थिक र सुरक्षा सम्बन्धी विषयमा सदस्य राष्ट्रहरूबीच परामर्श र सहकार्यका लागि महत्वपूर्ण मञ्चका रूपमा काम गर्दै आएको छ । ब्रिक्स–२०२६ को आधिकारिक वेबसाइटका अनुसार संगठनको कार्यसूची राजनीति र सुरक्षा, अर्थतन्त्र तथा वित्त, साथै संस्कृति र जनस्तरीय आदानप्रदान गरी तीन प्रमुख स्तम्भमा आधारित छ ।
ब्रिक्स सहकार्यले आतंकवादविरुद्धको अभियान, जलवायु परिवर्तन, खाद्य तथा ऊर्जा सुरक्षा, अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय व्यवस्था, दूरसञ्चार, कृषि, श्रम तथा रोजगारी, व्यापार र विश्व व्यापार संगठनलगायतका विविध क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएको जनाएको छ । रासस

# ‘एक विद्यालय एक करेसाबारी’ सञ्चालन गर्दै गैँडाकोट

**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट नगरपालिकाले एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्ने भएको छ । पालिकाले आगामी वर्षदेखि विद्यालयमा बालमैत्री शैक्षिक वातावरण साथै वातावरणीय अनुकूलन सौन्दर्यकरणमार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयन गर्ने अवधारणा ल्याएको हो । गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले विद्यार्थीलाई ‘पढ्दै कमाउँदै’ कार्यक्रमद्वारा उद्यमशीलता तथा उत्पादनसँग जोड्ने र शिक्षकलाई प्रविधिसँग जोड्ने क्रियाकलाप सञ्चालन गरिने बताए ।
उनले पालिकाभित्र हुने उत्पादनलाई पाठ्यसामग्रीका रूपमा प्रयोग गरिने उल्लेख गरे । बृहत् विद्यालय सुरक्षा कार्यक्रमअन्तर्गत पालिकाले विद्यालयमा सुरक्षित बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री भौतिक संरचना निर्माण, मर्मतसम्भार तथा सेवासुविधा विस्तारमा ध्यान दिइने अधिकारीको भनाइ छ । शुक्रबार आगामी आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख अधिकारीले पालिकाभित्र सामुदायिक विद्यालयलाई विद्यार्थीको संख्या र आवश्यकताका आधारमा विद्यालय समायोजन गर्दै आवासीय विद्यालय र ‘बिग स्कूल’ सञ्चालनको नीति लिइएको बताए । सामुदायिक विद्यालयले आधारभूत तह (कक्षा ८) सम्म कुनै पनि शीर्षकमा विद्यार्थीसँग शुल्क लिन नपाउनेगरी पालिकाले बजेट व्यवस्थापन गरेको उनले जानकारी दिए ।
पालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि वार्षिक रूपमा वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट वर्ष विद्यालय घोषणा गरी सम्मान तथा पुरस्कार प्रदान गरिने नगरप्रमुख अधिकारीले बताए । आधारभूत तहसम्मका विद्यालयका विद्यार्थीलाई टिकाइराख्न पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडि बढाउने उनले उल्लेख गरे । त्यस्तै, पालिकाभित्रका सबै विद्यालयलाई ‘जङ्क फुड’ पत्रु खाना निषेधित क्षेत्र घोषणा गर्दै विद्यालयको १०० मिटरको वरिपरि क्षेत्रमा मदिरा र सूर्तिजन्य वस्तु बेचबिखनमा पूर्ण रुपमा प्रतिबन्ध लगाउने अधिकारीको भनाइ छ । ‘गैँडाकोटको इच्छाः गुणस्तरीय शिक्षा’ भन्ने नाराका साथ शिक्षा क्षेत्रमा गतिविधि केन्द्रित गरिने भन्दै उनले यसअनुरुप व्यावहारिक र प्राविधिक शिक्षामा जोड दिइने बताए ।
त्यस्तैगरी, पालिकाको वडा नं ३ र १८ का गर्भवती, सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क एम्बुलेन्स, ४० वर्षभन्दा माथिका नागरिक लक्षित क्यान्सर, मधुमेह तथा उच्च रक्तचापको निःशुल्क परीक्षण तथा स्वास्थ्य शिविर सञ्चालन गर्नेगरी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । पालिकाभित्र रहेका विपन्न, असहाय, सीमान्तकृत नागरिकका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न आकस्मिक स्वास्थ्य सुरक्षा कोष, ३५ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क प्रदान, सुत्केरी आमा पोषिलो खाना कार्यक्रमअन्तर्गत गैँडाकोटको सरकारी स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरमा सुत्केरीलाई रु पाँच हजार सुत्केरी भत्ता प्रदान गर्ने नीति लिइएको नगरप्रमुख अधिकारीले बताए ।
गैँडाकोट नगरपालिकाभित्र प्लास्टिकका सामग्रीलाई निरुत्साहन गर्दै स्थानीय स्रोतबाट बनेको सालको पातका दुनाटपरीको प्रयोगलाई विस्तार गर्ने नीति लिइएको उनले बताए । ‘एक समूहः एक कृषि नमुना व्यावसायिक खेती’, ‘गैँडाकोटको भिजनः मकै सबै सिजन’, चैते धानको क्षेत्र विस्तार, गैँडाकोटको वडा नं ३ र १८ मा तरुलखेतीलाई प्रोत्साहन, गैँडाकोट–१८ मा स्थापित केरा तथा चिया बगानलाई विस्तार गरी पर्यटन प्रवद्र्धन गर्ने नीति लिइएको नगरप्रमुख अधिकारीले जाकारी दिए ।
पहाडी तथा चरन क्षेत्र नजिकका वडालाई बाख्रा पकेट क्षेत्रका रूपमा विकास गर्ने नीतिअनुरुप बाख्रा प्रवद्र्धन कार्यक्रम सञ्चालन




गरी पालिकालाई मासुमा आत्मनिर्भर बनाउने उनको भनाइ छ । स्थानीयस्तरमा उत्पादित घरेलु मदिरालाई गुणस्तरीय बनाई ‘लेबलिङ’ गरी व्यावसायीकरण गर्ने नीति लिइएको उनले बताए । दूध उत्पादनमा ह्रास आउने खोरेत, भ्यागुतेजस्ता सङ्क्रामक रोगबाट पशुधनको क्षति नहोस् भनी हरेक वर्ष यी रोगविरुद्ध निःशुल्क खोप अभियान सञ्चालन गर्ने नीति लिइएको नगरप्रमुख अधिकारीले जानकारी दिए । खोप कार्यक्रम सञ्चालन गर्दा प्रादेशिक निकायसँग सहकार्य गरिने उनले बताए । रासस

# ‘सगुना फाग’ संरक्षणमा शुक्लाफाँटा नगरपालिका

**कञ्चनपुर ।**
‘सगुना फाग’ संरक्षण गर्न कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाले संरक्षण कार्यक्रम सञ्चालन गरेको छ । लोपोन्मुख बन्दै गएको यस सांस्कृतिक विधालाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले नगरपालिकाले बुढापाकाबाट तन्नेरी पुस्तालाई सगुना फाग सिकाउने कार्यक्रम सञ्चालन गरेको हो ।

पाका पुस्तासँगै सगुना फाग हराउँदै जान थालेपछि यसको संरक्षणका लागि अभियान थालिएको देउडा संस्कृति संरक्षण प्रतिष्ठान, कञ्चनपुर शाखाका अध्यक्ष गोदावरी ठगुन्नाले बताए । उनका अनुसार सगुना फाग गाउन जान्ने ज्येष्ठ महिलाको खोजी गरी उनहरूबाट युवा पुस्तालाई प्रशिक्षण दिने कार्य गरिएको छ ।

मौखिक परम्परामार्फत पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सगुना फाग आधुनिक जीवनशैलीको प्रभावसँगै सङ्कटमा पर्न थालेपछि यसको संरक्षण आवश्यक भएको अध्यक्ष ठगुन्नाको भनाइ छ । उनले डोटेली भाषामा गाइने यी माङ्गलिक गीतले स्थानीय भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

सुदूरपश्चिमका जिल्लामा विवाह, व्रतबन्ध, न्वारन तथा विभिन्न धार्मिक तथा माङ्गलिक अवसरमा ढोल, दमाहाको तालसँगै सगुना फाग गाउने चलन छ । तर पछिल्लो समय युवा पुस्ताले सिक्न हिच्किचाउने र ज्येष्ठ महिलाले सिकाउने अवसर कम हुँदै जाँदा यो मौलिक सांस्कृतिक सम्पदा लोप हुने जोखिम बढेको अध्यक्ष ठगुन्नाले बताए ।

शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले सगुना फाग संरक्षण कार्यक्रमलाई दुई वर्षदेखि निरन्तर सञ्चालन गर्दै आइएको जानकारी दिए । उनका अनुसार बुढापाकाबाट सिकेका महिलाले अब अन्य इच्छुक महिलालाई पनि सिकाउने वातावरण सिर्जना गरिएको छ । यो परम्पराको पुस्तान्तरणलाई अझ प्रभावकारी बनाउने विश्वास उनले व्यक्त गरे ।


नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले पाका पुस्ताबाट तन्नेरी पुस्ताले सगुना फागसहित डोटेली संस्कृतिसँग जोडिएका अन्य माङ्गलिक गीत सिक्ने कार्यले मौलिक संस्कृतिको संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

संरक्षण कार्यक्रममा सक्रिय सगुना फागका जानकार दुर्गा जोशीका अनुसार सगुना फाग गाउने क्रममा दमाहा बजाएर बढाइँ गर्ने चलन डोटेली भाषी समुदायमा प्रचलित छ । शब्द र भाव समान भए पनि यसको लय भने जिल्लापिच्छे फरकफरक हुने उनको भनाइ छ । सगुना फागसँगै हराउँदै गएका पुराना पहिरन, चालचलन र संस्कारसमेत यस कार्यक्रममार्फत सिकाउने गरिएको उनले बताए ।

सगुना फाग न्वारन, क्षौर कर्म, ताई लगाउने, जग्यो लगाउने, हातमा पटली बाँध्ने, छोरीको विवाहमा खुट्टा धुने, लया भुट्ने, बेहुलाबेहुलीले फेरा लगाउने, जन्ती आगमन, दुलही भित्र्याउनेलगायत विभिन्न माङ्गलिक संस्कारमा गाइन्छ । यस्तै, सासुले टीका लगाउने, बेहुला तयार हुने, बरियात दुलहीको घर पुग्ने, गौरापर्वमा बिरुडा भिजाउने, व्रतबन्ध, सत्यनारायण कथा, सप्ताह पुराण तथा महायज्ञजस्ता धार्मिक अवसरमा पनि सगुना फाग गाउने परम्परा रहिआएको छ । सगुना फाग गाउने महिलालाई ‘फगारी’ भनिन्छ । एक जना जानकार महिलाले सुरुआत गरेर लयबद्ध रूपमा गीत गाउँदा अन्य महिलाले सोही लय समातेर सामूहिक रूपमा साथ दिने चलन छ ।

नगरपालिकाका अनुसार सगुना फाग संरक्षण र प्रवद्र्धन कार्यक्रमअन्तर्गत गत वर्ष ३० जना महिलाले गायन तालिम लिएका थिए भने यस वर्ष ४५ जना महिलालाई प्रशिक्षण प्रदान गरिएको छ ।

# पोखराको लेकसाइडमा खानेपानी समस्या



**कास्की ।**
पर्यटकीय राजधानी पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइडमा खानेपानी अभाव भएपछि होटल व्यवसायीले नेपाल खानेपानी संस्थान पोखराको ध्यानाकर्षण गराएका छन् ।

होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा गएको टोलीले शुक्रबार संस्थान पुगेर लेकसाइड क्षेत्रमा खानेपानी समस्याबारे जानकारी गराउँदै तत्काल समाधानको माग गरेको हो ।

अध्यक्ष सुवेदीले देशकै प्रमुख पर्यटकीय गन्तव्यमा खानेपानी अभाव हुनु चिन्ताजनक रहेको बताए ।

‘पर्यटनको राजधानी भनिने पोखराको मुख्य पर्यटकीय क्षेत्रमा आधारभूत आवश्यकता नै पूरा हुन नसक्नु दुःखद विषय हो,’ उनले भने ।

पर्यटन व्यवसायी रहनुभएका होटल सङ्घका केन्द्रीय सदस्य भरतराज पराजुलीले जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को करिब पाँच अर्ब रुपैयाँ लगानीमा पोखरा खानेपानी सुधार आयोजना सम्पन्न भए पनि अपेक्षित सेवा नपाएको गुनासो गरे ।

‘पोखरामा आगामी २० वर्षसम्म खानेपानी अभाव नहुने लक्ष्यका साथ आयोजना निर्माण गरिएको थियो। तर अहिले धारामा पानी नआउँदा व्यवसायी र सर्वसाधारण दुवै आक्रान्त बनेका छन्,’ उनले भने, ‘हामीले दैनिक ट्याङ्करबाट पानी किनेर होटल सञ्चालन गर्नुपरेको अवस्था छ । पर्यटकीय राजधानीलाई कम्तीमा नियमित खानेपानी सेवा त आवश्यक छ ।’

आयोजना अन्तर्गत मर्दीखोलाबाट पोखरासम्म पानी ल्याइए पनि मुख्य प्रसारण पाइपको क्षमता अपर्याप्त हुँदा समस्या देखिएको संस्थानका इन्जिनियर लक्ष्मण पाण्डेले बताए ।

समस्या समाधानका लागि पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गरी ठूलो क्षमताको पाइप जडान गर्नुपर्ने व्यवसायीको माग छ ।

पोखरा खानेपानी सुधार आयोजनाले दैनिक चार करोड १० लाख लिटर पानी शुद्धीकरण गरी वितरण गर्ने लक्ष्य राखेको छ । तर हाल पोखरामा दैनिक आठ करोड लिटरभन्दा बढी खानेपानीको माग रहेको बताइएको छ ।

पोखराको मुख्य स्रोत मर्दीखोला हो, जहाँबाट पानी पुरुञ्चौरस्थित प्रशोधन केन्द्रमा ल्याई शुद्धीकरण गरिन्छ । त्यसपछि २० इन्च व्यासका चारवटा पाइपमार्फत वितरण गरिन्छ । आयोजनाअन्तर्गत २० लाख लिटर क्षमताका तीनवटा ट्याङ्की निर्माण गरिए पनि हाल पोखरा–५ पस्याङ र पोखरा–११ फूलबारीस्थित ट्याङ्कीबाट मात्र वितरण भइरहेको छ ।

पोखरा–१५ कोलपाटनस्थित ट्याङ्की भने प्राविधिक कारणले अझै सञ्चालनमा आउन सकेको छैन । पर्यटन क्षेत्रको प्रमुख केन्द्र लेकसाइड मै खानेपानी सङ्कट गहिरिँदै जाँदा यसको असर पर्यटन व्यवसाय र पोखराको छविमाथि पर्न सक्ने भन्दै व्यवसायीले सम्बन्धित निकायको तत्काल ध्यानाकर्षण गराएका हुन् । रासस

# महाधिवेशनले नीति र नेतृत्वमा निखार ल्याउँछ

*वैकल्पिक राजनीतिक शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा छ । विसं २०७९ असार ७ गते स्थापना भएको उक्त पार्टीले यही असार ७ देखि ९ गतेसम्म चितवनमा पहिलो महाधिवेशन आयोजना गरेको छ । महाधिवेशनले राजनीतिक दृष्टिकोण र कार्यनीति निर्धारण, केन्द्रीय नेतृत्वको निर्वाचन, विधान संशोधन र अनुमोदन, आगामी कार्यदिशा र प्रस्तावहरू पारित तथा राष्ट्रिय र अन्तरराष्ट्रिय मुद्दामा पार्टीको अडान स्पष्ट गर्नेछ । महाधिवेशनको सम्पूर्ण तयारी पूरा भइसकेको सो पार्टीले जनाएको छ । सभापति रवि लामिछानेसहितको शीर्ष नेता महाधिवेशन आयोजनास्थल चितवन पुगिसक्नुभएको छ । महाधिवेशनस्थलमा नेता, महाधिवेशन प्रतिनिधि र कार्यकर्ता पुग्नेक्रम जारी छ । रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनको सन्भर्दमा महामन्त्री कविन्द्र बुर्लाकोटीसँग राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता अशोक घिमिरेले गरेको कुराकानीको सम्पादित अंशः*



कविन्द्र बुर्लाकोटी
महामन्त्री, रास्वपा

**वैकल्पिक राजनीतिक शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा छ । महाधिवेशनको तयारी कसरी अगाडि बढिरहेको छ ?**

महाधिवेशन नजिकिँदै गर्दा सङ्गठनात्मक र मानसिक रुपमा तयारी भइएको छ । सङ्गठनात्मक दृष्टिकोणबाट सम्पादन गर्नुपर्ने काम गत वैशाखदेखि सुरु भएका थिए । विशेषगरी तल्लो तहको अधिवेशनबाट पार्टी निर्माणको प्रक्रिया सुरु गर्यौं । गत जेठको २ र ३ गते वडा भेला, वडा अधिवेशन तथा जेठ १३ र १४ गते पालिकाको अधिवशेन सम्पन्न भए । जेठको १६ र १७ गते बाँकी वडापालिकाहरूको अधिवशेन सम्पन्न गर्यौं । जेठ २३ र २४ गते जिल्ला अधिवेशन तथा जेठ २६ गतेदेखि निरन्तर प्रदेश अधिवेशन गर्यौं । हालसम्म मधेस प्रदेशबाहेक अन्य छ प्रदेशका अधिवेशन सम्पन्न भइसकेका छन् । अहिलेसम्म आइपुग्दा पार्टी महाधिवेशनका लागि तयार भइसकेको छ । ‘लजिस्टिक’ पाटोतर्फ पनि मोटामोटी काम सम्पन्न भइसकेको छ । पहिलो राष्ट्रिय महाधिवेशन चितवनमा आयोजना गर्दैछौँ ।

महाधिवशेनका लागि आवश्यक ठाउँ व्यवस्थापन गर्ने काम चलिरहेको छ । आज सम्ममा ती सबै कामहरू सकिन्छन् । प्रतिनिधिहरूको रजिस्ट्रेसनको काम चलिराखेको छ । त्यो पनि आजसम्म सकिन्छ । पर्यवेक्षकहरूको सन्भर्दमा पनि आवश्यक काम भइरहेका छन् । समायोजनका केही कामहरू यस बीचमा जारी छन् ।

विधान संशोधनको मस्यौदा तयारी भइराखेको छ । यही असार ४ गते सम्पन्न पार्टीको सचिवालयको बैठकले महाधिवेशन तयारीका कामलाई निर्देशित गरेको छ । पार्टीका शीर्ष नेता महाधिवेशन तयारीका सिलसिलामा चितवनमा हुनुहुन्छ । आज चितवनमा केन्द्रीय समितिको बैठक बस्दैछ । महाधिवशेनको उद्घाटन सत्रमा शुभकामना दिन अन्य राजनीतिक दलका नेतालाई पनि आमन्त्रण गरिएको छ । यी सबै कोणबाट ऐतिहासिक प्रथम महाधिवेशन आयोजनाको तयारी लगभग–लगभग अन्तिम चरणमा पुगेको छ ।

**महाधिवेशन नीति र नेतृत्व चयन गर्ने थलो पनि हो । महाधिवेशनबाट कस्तो नीति पारित हुन्छ र नेतृत्वको चयन कसरी अगाडि बढ्छ ?**

अवश्य पनि, महाधिवेशन नीति र नेतृत्वमा निखार ल्याउने महत्वपूर्ण औजार हो । सामान्यतः महाधिवेशनलाई नेतृत्व परिवर्तन हुने, नयाँ नेतृत्वहरू आउने वा नेतृत्वमा फेरबदलहरू हुने रुपमा मात्र हेरिन्छ । तर महाधिवेशनले नीति निर्माणमा पनि असाध्यै धेरै भूमिका खेलेको हुन्छ । नीति परिमार्जन र नीति निखारमा महाधिवेशन विशेष रहन्छ । रास्वपाको जलेश्वर बैठकले एक पृष्ठको निर्देशक दस्तावेज तयार गरेको थियो । त्यसलाई हामीले पार्टीको सैद्धान्तिक प्रस्तावना भन्ने गर्छौँ । सो प्रस्तावनालाई २०८१ सालमा सम्पन्न राष्ट्रिय भेलाबाट विस्तार गरेका थियौँ । उक्त दस्तावेजलाई पार्टी प्रशिक्षणमा महत्वपूर्ण विषयवस्तुका रुपमा समेत प्रयोग गर्यौं । जलेश्वर बैठकबाट तयार प्रस्तावना र राष्ट्रिय भेलाबाट पारित विस्तारित दस्तावेजमा महाधिवेशनले थप निखार ल्याउनेछ । पार्टीको नीति विचार विभागले पनि नीतिसम्बन्धी आवश्यक काम गरिरहेको छ । प्रथम महाधिवेशनबाट नीति र नेतृत्व उजिल्याइन्छ ।

**नेतृत्व चयन सर्वसम्मत हुन्छ कि निर्वाचनमा जानुहुन्छ ?**

संवाद, सहमति र निर्वाचन, यो तीनवटै विषय लोकतान्त्रिक प्रक्रियाका अभिन्न अङ्ग हुन् । त्यसकारणले गर्दा संवाद छैन भने लोकतान्त्रिक हुँदैन । एकात्मक निर्देशन र हुकुमी शैली राष्ट्रिय स्वतन्त्र पार्टीमा छैन । पार्टी सभापति असाध्यै लोकतान्त्रिक पक्षधर हुनुहुन्छ । संवाद, सहमति र आन्तरिक निर्वाचनबाट वडा, पालिका, जिल्ला र प्रदेश तहका समिति टुङ्ग्याउन सभापतिज्यूले लिखित रूपमै आह्वान गर्नुभएको थियो । पार्टीभत्र संवाद, सहमति र आन्तरिक निर्वाचन हुन्छ । त्यो निर्वाचनबाट फुट ल्याउन नदिने गरी बलियो सहकार्य पनि हुन्छ । संवाद र सहमतिलाई समेटेर पार्टी निर्माण गर्नुपर्ने अहिलेको आवश्यकता हो । यो पार्टी कसरी जन्मियो, यहाँसम्म कसरी आइपुग्यो, जम्मा चार वर्ष हुँदैछ, यसबीचमा के–कति उपलब्धि हासिल भए, आमजनताले कत्तिको आशा–भरोसा दिएर पठाउनुभएको छ, यी सबै कुरालाई विश्लेषण गर्दा पार्टी निर्माणको बृहत् चरण अझै बाँकी छ र त्यसका लागि आवश्यक प्रक्रिया लोकतान्त्रिक विधिमार्फत सम्पन्न गर्छौं ।

**रास्वपाको यस महाधिवेशनले के सन्देश दिन्छ ?**

महाधिवेशनले राजनीतिक परिवर्तनसँगै देशको मुहार फेर्न सम्भव छ भन्ने सन्देश दिन्छ । यस अगाडिका राजनीतिक परिदृश्य राजनीतिक दलमा नेता भइसकेपछि, नियुक्ति भएपछि, पद पाएपछि त्यही नेताकै वरिपरि मात्रै व्यवस्थाहरू घुमेको जस्तो देखिन्थ्यो । सुविधाहरू त्यसैको वरिपरि घुमेको जस्तो देखिन्थ्यो । अब अहिले निर्मम रुपमा त्यसको समीक्षा गरेर, त्यसबाट पाठ सिकेर पार्टी निर्माण गर्ने चरणमा हामी आइपुगेका छौँ । सरकार सञ्चालनको दृष्टिकोणबाट हेर्ने हो भने पनि, नियत खराब राखेर कुनै पनि काम नहोस् भन्ने ढङ्गबाट काम भइरहेको छ भने त्यसलाई पार्टीले निर्देशित गरिराखेको छ । पार्टीको विधान, नियमावली र वाचापत्रले ‘सफा नियतले काम गर’ भनेर सरकारलाई निर्देशित गरेको छ । अब अपेक्षा राख्नुपर्छ कि मुलुक परिवर्तन हुन्छ ।

**रास्वपा गत फागुन २१ को निर्वाचनबाट करिब दुईतिहाई सिटसहित संसद्मा प्रवेश गरेको छ । यहाँ सो पार्टीको मुख्यसचेतकको जिम्मेवारीमा हुनुहुन्छ । संसद्को पछिल्लो अभ्यासलाई कसरी नियाल्नुभएको छ ?**

संसद् विगतको निरन्तरता मै छ जस्तो लाग्छ । हामीले नियमित रूपमै जस्तो प्रस्तावहरू लिएर जाने, छलफल गर्ने, सामान्य प्रश्न–उत्तर गर्ने, ‘हुन्छ÷हुन्न’ भनेर पारित गर्ने गरिरहेका छौँ । हुन त संसदीय प्रक्रिया त्यही नै होला, तर यसलाई छरितो बनाउन आवश्यक छ । विशेषगरी संसद्मा पेस भएका प्रस्ताव तथा विधेयकलाई गहन अध्ययन गर्ने र त्यसमा रचनात्मक नागरिक सहभागिता अभिवृद्धि गर्नेमा ध्यान दिनुपर्छ । सदनमा पेस हुने विषयवस्तुको धेर–थोर अध्ययन–अनुसन्धान र त्यसबाट केही नयाँ तथ्यहरु आउँछन् कि भनेर खोजी गर्नुपर्नेमा यदाकदा कमी भएको महसुस भइरहेको छ । त्यसलाई बढाउनुपर्छ । सदनको अहिलेको अभ्यासलाई नागरिकमुखी बनाउनुपर्छ ।

**निर्वाचनपछि संसद्को पहिलो अधिवेशन चलिरहेको छ । सरकारले संसद्लाई ‘विजनेश’ दिन सकेन भन्ने गुनासा सुनिन्छन्, त्यसलाई कसरी लिनुभएको छ ?**

अहिले हामी बजेट अधिवेशनमा छौँ । विशेषगरी यो अधिवेशनमा बजेटका बारेमा बढी छलफल हुन्छ । सरकारले बजेट प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने काम यसै अधिवेशनमा हुन्छन् । त्यस कारणले गर्दा अहिले विधेयकको कुराहरू तुलनात्मकरुपमा कम हुन्छ । तथापि, अध्यादेशमार्फत आएका कानुनसँगै सम्भव भएको अवस्थामा अन्य विधेयकहरु पनि सदनमा पेस गर्ने अभ्यास हुन्छ । फागुनमा निर्वाचित र चैतमा सांसदको सपथ ग्रहण गरेर आइसकेपछि हामीले धेरै काम गर्न भ्याएका छैनौं, हामी बजेटमै छिरिसक्यौँ । सरकार पनि त्यसैमा केन्द्रित भएर काम गरिराखेको छ । मलाई लाग्छ, अब यो अधिवेशन पछाडि हामी असाध्यै रफ्तारमा कानुनहरू बनाउने, कानुनहरू सुधार गर्ने र औचित्यहीन कानुनलाई खारेज गर्ने प्रक्रियामा जान्छौँ र त्यो प्रक्रिया छिट्टै सुरु हुन्छ ।

**यो अधिवेशन विगतभन्दा फरक हुन्छ ?**

सदनलाई विगतको अभ्यासभन्दा थप सृजनशील र परिणाममुखी बनाउँछौँ ।

**सङ्घीयताको सुदृढीकरण र जनअपेक्षा पूरा गर्न कतिपय कानुन अपुग भएको र केही कानुन बाधक भएको भन्ने टिप्पणी छ । सत्तारूढ दलको मुख्य सचेतकका हैसियतमा ती कानुनी जटिलता हटाउन यहाँको कस्तो भूमिका रहन्छ ?**

विकास निर्माणलाई अगाडि बढाउन सार्वजनिक खरिद ऐन नै बाधक भएको भन्ने हिसाबले व्यापक चर्चा सुनिन्छ । त्यसमा भएका असजिलालाई सम्बोधन गर्नेगरी सरकारले १०० बुँदे कार्यसूचीमा पनि केही विषय समेटेको छ । खरिद ऐनमा भएका अप्ठ्यारालाई समाधान गर्ने र त्यसलाई सुधार गरेर लैजाने सन्दर्भमा दलभित्र छलफल भएको छ । सरकारले सङ्घीयता कार्यान्वयन गर्दै सुशासनको प्रत्याभूति दिने योजनाका साथ आफ्नो कामकारबाही अघि बढाएको छ । अधिकारहरू तल (स्थानीय तह) सम्म पु¥याउने योजनाका साथ काम भइरहेको छ । ‘गाउँगाउँमा सिंहदरबार’ भनेर जुन चर्चा गरिएको थियो, त्यो अहिलेसम्म हासिल भएन । २०७२ मा नयाँ संविधान बन्यो । २०७४ को चुनावमा गाउँ–गाउँमा सिंहदरबार भन्ने नारा आए । त्यसपछाडि करिब एक दशक बितिसक्दा पनि यसको कार्यान्वयन भएको छैन । यो सरकारले सुशासनको माध्यमबाट जनअपेक्षा पूरा गर्न खोज्दै छ ।

राहदानी र सवारी चालक अनुमतिपत्र घरमै पुर्याइदिने, नागरिकता लिन लाम बस्नुपर्ने र नागरिकता आवेदन गरेपछि त्यसलाई घरमै पुर्याइदिने काम गर्न खोजिरहेको छ । कानुन निर्माणमा छरितोपना हुनुपर्छ भनेर कानुन मन्त्रालयले ‘होमवर्क’ गरिरहेको छ । अन्य मन्त्रालयले पनि सेवा प्रवाहमा देखिएको जटिलता हल गर्न कानुनहरू कहाँ कसरी सुधार गर्नुपर्छ र कस्ता कानुनहरू बनाउनुपर्छ भनेर अध्ययन गरी कार्य प्रारम्भ गरिसकेका छन् । आगामी अधिवेशनमा यी कानुनहरु फटाफट आउँछन् ।

**प्रशासनिक सङ्घीयता कार्यान्वयनसँग जोडिएको सङ्घीय निजामती सेवा विधेयक चर्चामा छ । यो विधेयक नियमित अधिवेशनबाट आउँछ ?**

निजामती विधेयक नियमित अधिवेशनबाट नै आउँछजस्तो मलाई लाग्छ । सरकार त्यसको तयारीमा रहेको बुझिन्छ । यो नियमित कानुनबाटै आउँछ भन्ने मलाई लागेको छ । अन्य विधेयक पनि आउँदैछन् ।

**प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षी दलले सदनमा विरोध जारी राखेका छन् । सत्तारूढ दलले यसलाई कसरी लिएको छ ?**

सदनमा प्रतिपक्षले आफ्नो ‘एजेन्डा’ छाड्नु हुँदैन भन्ने एउटा मान्यता जस्तो बनेको छ । सत्तापक्षले वा सरकारले जुन विषय लिएर आयो, त्यसैमा प्रतिपक्षीले बोलेर हिँड्न हुँदैन भन्ने दृष्टिकोणबाट एउटा संस्कार बनेको छ । सदन त फेरि प्रतिपक्षको हो भन्ने दृष्टिकोण पनि छ । त्यसकारण प्रतिपक्षले प्रधानमन्त्रीको अभिव्यक्तिलाई नै ‘समातिराख्नुपर्छ’ भन्ने सोचेको हो कि जस्तो देखिन्छ । तर, सैद्धान्तिक रूपमा परराष्ट्रमन्त्रीज्यूले त्यो विषयलाई खण्डन गरिसक्नुभएको छ । परराष्ट्रमन्त्रीको स्पष्टीकरणले त्यस विषयमा थप चर्चा गर्नुपर्छ भन्ने ठाउँ राखेको छैन ।

**रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै १०० दिन पुग्न लागेको छ । सरकारको कामको समीक्षा कसरी गर्नुहुन्छ ?**

सरकार एउटा रफ्तारमा छ । यस अगाडिका सरकार र अहिलेको सरकारको कामको तुलना गर्दा केही गर्न खोजेको जस्तो देखिन्छ । तथापि, त्यसमा कानुन र विधि प्रक्रियाका केही अल्झनहरू छन् । त्यो पनि सुधार गर्दै जानुपर्छ । त्यसलाई पनि परिमार्जन गर्दै जानुपर्छ भन्नेमा सरकार दृढ छ । शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा व्यक्त प्रतिबद्धतालाई पूरा गर्न सरकार हरतरह प्रयासरत देखिन्छ । यसकारण पनि सरकार सफलताउन्मुख छ । जुन अपेक्षाले नागरिकले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएका थिए, सो अपेक्षा पूरा गर्न रास्वपाले वरिष्ठ नेता वालेन्द्र शाहज्यूको नेतृत्वमा सरकार गठन गरेको हो । सरकारले आमजनताको अपेक्षा पूरा गर्ने गरी काम गरिरहेको छ ।

**निर्वाचनअघि जनतामाझ प्रस्तुत वाचापत्रका प्रतिबद्धता यो सरकारले पूरा गर्छ ?**

अवश्य पूरा गर्छ । निर्वाचनमा आफ्नै पार्टीले व्यक्त गरेको वाचापत्र र अरू पार्टीबाट सार्वजनिक भएका घोषणापत्रका मुख्य विषयहरु, जुन देश र जनताका हितमा छन्, ती विषयलाई समेटेर सरकारले विशिष्ट कार्ययोजना बनाएको छ । किनभने सरकारको अर्को दोस्रो काम नै छैन । नागरिककै अपेक्षा पूरा गर्ने र हामीले कबुल गरेका काम पूरा गर्ने नै अहिलेको सरकारको लक्ष्य भएको कारणले गर्दा सरकार अन्यत्र हिँडेको पनि देख्नुहुन्न, सरकार त्यसैमा केन्द्रित भएर काम गरिराखेको छ ।

**अन्त्यमा, मुलुक र जनताका लागि रास्वपाको सन्देश केही छ ?**

राष्ट्रिय स्वतन्त्र पार्टी आमनागरिकबाट प्रोत्साहन भएर र आमनागरिकले नै खडा गरेको पार्टी हो । आमनागरिकको बलमा उभिएको पार्टी हो । त्यसकारणले राष्ट्रिय स्वतन्त्र पार्टीले आमनागरिकको अपेक्षा र भावनाअनुरूप नै काम गर्छ । पार्टीले राष्ट्रिय हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । अझै धेरै अपेक्षाहरू हुन सक्छन्, त्यो सबैलाई पूरा गर्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीले एउटा बृहत् कार्ययोजना बनाएरै काम गरिराखेको छ ।

अहिले पार्टीको आसन्न महाधिवेशन छ । यसबाट नीति र नेतृत्वमा निखार पनि भएर जान्छ । त्यसपछाडि सरकार र पार्टीको काम गर्ने रफ्तार पनि बढेर जान्छ । पार्टीले सरकारमार्फत सम्पादन गरेका कामको नतिजाको प्रतीक्षा गर्न चाहन्छु । सबैका अपेक्षा पूरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टी हरतरहले लाग्नेछ ।

# पत्रकार महासंघ मधेशको पाँचौँ साधारणसभा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघ मधेश प्रदेशको पाँचौँ साधारणसभा शनिबार महोत्तरीको बर्दिबासमा सम्पन्न भएको छ। साधारणसभामा सहभागी वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा, व्यवसायिक पत्रकारिता तथा मधेश प्रदेशको समग्र विकासका चुनौतीबारे धारणा राख्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन स्वतन्त्र, निष्पक्ष र जिम्मेवार सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेको बताएका छन्।
नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बञ्जाराको अध्यक्षतामा सम्पन्न साधारणसभाको उद्घाटन मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले गरेका थिए।
उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री महतोले पत्रकारिता क्षेत्र लोकतन्त्रको आधारस्तम्भ भएकाले पत्रकारहरू स्वतन्त्र, निष्पक्ष र निर्भीक रूपमा काम गर्न सक्ने वातावरण सुनिश्चित हुनुपर्ने बताए । पत्रकारले सुरक्षाको अनुभूति गर्न नसके अभिव्यक्ति स्वतन्त्रता कमजोर हुने र त्यसको प्रत्यक्ष असर लोकतान्त्रिक प्रणालीमा पर्ने उनको भनाइ थियो।
'पत्रकार स्वतन्त्र हुनुपर्छ, पत्रकारले सुरक्षाको अनुभूति गर्नुपर्छ । जब पत्रकार सुरक्षित र स्वतन्त्र हुन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अभ्यास सम्भव हुन्छ,' मन्त्री महतोले भने।
उनले सञ्चार क्षेत्रलाई थप सुदृढ बनाउन प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गर्दै पत्रकारका पेशागत समस्या समाधान तथा सञ्चार क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताए । सञ्चार क्षेत्रको विकासमा प्रदेश सरकार र पत्रकार समुदायबीच सहकार्य अपरिहार्य रहेको उनको धारणा थियो । कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले समाजमा समानता, न्याय र सुशासन स्थापना गर्न सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताइन् । पत्रकारिताले जनताका आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउने भएकाले पत्रकारको क्षमता अभिवृद्धि र पेशागत संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो।
मन्त्री थापाले सीमित स्रोतसाधनका बाबजुद प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्ने प्रयास गरिरहेको बताउँदै विकास निर्माण, रोजगार, यातायात व्यवस्थापन तथा सामाजिक क्षेत्रका समस्याहरू समाधान गर्न सरकार निरन्तर सक्रिय रहेको जानकारी दिइन्।
'मधेश प्रदेशमा चुनौती धेरै छन्, समस्या पनि थुप्रै छन् । स्रोतको अभावका बीच जनताको आवश्यकता पूरा गर्नुपर्ने अवस्था छ। बजेट सीमित भए पनि सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्ने छैन,' उनले भनिन्।
साधारणसभामा विभिन्न वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत सुरक्षा, श्रम अधिकार, सञ्चार क्षेत्रको संस्थागत विकास तथा सञ्चारमैत्री नीति निर्माणको आवश्यकतामा जोड दिएका थिए । उनीहरूले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, व्यवसायिक र उत्तरदायी बनाउन राज्य, सञ्चार संस्था तथा पत्रकार स्वयंको भूमिका उत्तिकै महत्वपूर्ण रहने धारणा व्यक्त गरे।
महासंघका अध्यक्ष बञ्जाराले अनेक चुनौतीका बीच पत्रकारिता क्षेत्रले आफ्नो दायित्व निर्वाह गरिरहेको उल्लेख गर्दै पत्रकारहरूको हकहित, पेशागत सुरक्षा र क्षमता विकासका लागि महासंघ निरन्तर क्रियाशील रहेको बताए । उनले बदलिँदो सञ्चार परिवेशमा तथ्यमा आधारित, जिम्मेवार र जनपक्षीय पत्रकारितालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।
साथै पत्रकारको सुरक्षा, सामाजिक सुरक्षा, श्रम अधिकार तथा पेशागत सम्मान सुनिश्चित गर्न सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको जानकारी उनले दिए।
साधारणसभामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकार, सञ्चारकर्मी, महासंघका पदाधिकारी तथा प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, संगठनको भावी कार्यदिशा तथा सञ्चार क्षेत्रको विकासका विषयमा समेत विस्तृत छलफल गरिएको महासंघकी महिला उपाध्यक्ष ज्योति झाले जानकारी दिइन्।

# गोली प्रहार गरी लागुऔषध कारोबारमा संलग्न पर्साका ओझैयासहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साका एक जनासहित तीन जनालाई ललितपुरमा प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको छ। बालकुमारी क्षेत्रमा खैरो हेरोइन कारोबारमा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको हो । लागुऔषध नियन्त्रण ब्युरोका अनुसार पक्राउ पर्नेमा पर्साको पटेर्वा सुगौली–४ निवासी किशोर प्रसाद ओझैया, सप्तरीको राजगढ गाउँपालिका–३ निवासी नीरज कुमार मण्डल र अशोक भुल रहेका छन्।
प्रहरीको गोली लागेर घाइते भएका पर्साको पटेर्वा सुगौली गाउँपालिका–४ निवासी ३९ वर्षीय ओझैयाको दाहिने खुट्टामा चोट लागेको छ । उनलाई उपचारका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ। ब्युरोको टोलीले ललितपुर र काठमाडौँको सिमानास्थित बालकुमारी पुलमुनि ओझैयालाई नियन्त्रणमा लिन खोज्दा तीन राउन्ड गोली प्रहार गरेको थियो। प्रहरीले सप्तरीको राजगढ गाउँपालिका–३ निवासी १८ वर्षीय मण्डलको साथबाट ३०२ ग्राम खैरो हेरोइन बरामद गरेको जनाएको छ।
अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूका अनुसार पर्साका ओझैया खैरो हेरोइन मगाउने मुख्य व्यक्तिका रूपमा अनुसन्धानको दायरामा रहेका छन्।
उनी यसअघि लागुऔषधसम्बन्धी मुद्दामा पक्राउ परी कारागार सजाय भुक्तान गरेका व्यक्ति रहेको पनि प्रहरीले जनाएको छ। त्यसैगरी, खैरो हेरोइन लिन बालकुमारी पुगेका भुल प्रहरी देखेपछि भागेका थिए । उनलाई पछि काठमाडौँ महानगरपालिका–१० बुद्धनगर क्षेत्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# तीर्थयात्री बोकेको स्कुलबस दुर्घटनाः एकको मृत्यु, ३० घाइते

**मधेशदृष्टि**
**महोत्तरी।**
उदयपुरगढी गाउँपालिका–७ अधेरीस्थित मदन भण्डारी लोकमार्गमा शनिबार बिहान तीर्थयात्री बोकेको स्कुल बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। घटनामा अन्य ३० जना घाइते भएका छन्।
प्रहरीका अनुसार बर्दिबासबाट चतरा धामतर्फ जाँदै गरेको बा २ ख ६४६८ नम्बरको दीप इङ्लिस एकेडेमी बोर्डिङ स्कुल, गौशाला–२ महोत्तरीको बस अनियन्त्रित भइ दुर्घटनामा परेको हो । दुर्घटनामा महोत्तरीको बर्दिबास नगरपालिका निवासी ५५ वर्षीय विमलेश दत्तको मृत्यु भएको छ। गम्भीर घाइते उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।
घाइतेहरु मध्ये १२ वर्षीय सन्देशकुमार चौधरी र ३८ वर्षीया रसिलाकुमारी चौधरीको अवस्था गम्भीर रहेको छ। उनीहरुलाई थप उपचारका लागि विराटनगरस्थित न्यूरो अस्पताल रिफर गरिएको छ । बसचालक २९ वर्षीय जीवन आले मगर र अन्य यात्रु सामान्य घाइते भएका छन् । दुर्घटनामा परेका यात्रुहरु धार्मिक भ्रमणका क्रममा चतरा धामतर्फ गइरहेका थिए । दुर्घटनाको कारण खुल्न बाँकी रहेको र घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

# मधेश प्रदेशको आय ३० अर्ब नाघ्यो, आन्तरिक राजस्व ४ अर्ब ५९ करोड

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व तथा आय संकलन गरेको छ । प्रदेशको अर्थ मन्त्रालयका अनुसार जेठ मसान्तसम्म कुल ३० अर्ब १७ करोड १४ लाख ७३ हजार रुपैयाँ प्राप्त भएको हो।
मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले समीक्षा अवधिमा प्रदेशको आन्तरिक राजस्व संकलन ४ अर्ब ५९ करोड ३३ लाख ८४ हजार रुपैयाँ पुगेको जानकारी दिए । प्रदेश सरकारको प्रमुख आन्तरिक आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन शुल्क र सवारीसाधन कर रहेका छन्।



तथ्यांकअनुसार घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १ अर्ब १८ करोड १२ लाख ९५ हजार रुपैयाँ तथा सवारीसाधन करबाट २ अर्ब १ करोड ५० लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको छ। यस्तै, सवारी चालक अनुमतिपत्र वितरण तथा सवारी दर्ता दस्तुरबाट ६८ करोड ८२ लाख ७० हजार रुपैयाँ, यातायात क्षेत्रसम्बन्धी अन्य आम्दानीबाट ११ करोड १० लाख ५९ हजार रुपैयाँ र दहत्तर–बहत्तर बिक्रीबाट १० करोड ९ लाख ३५ हजार रुपैयाँ राजस्व प्राप्त भएको मन्त्रालयले जनाएको छ।
संघीय राजस्व बाँडफाँटमार्फत पनि प्रदेश सरकारले उल्लेख्य रकम प्राप्त गरेको छ । मूल्य अभिवृद्धि कर (भ्याट) बाँडफाँटबाट ७ अर्ब ७५ करोड ६४ लाख ९९ हजार रुपैयाँ तथा अन्तःशुल्क करबाट २ अर्ब ७७ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । त्यसैगरी, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानअन्तर्गत ७ अर्ब ६ करोड १६ लाख ७८ हजार रुपैयाँ प्राप्त भएको छ । सशर्त अनुदान चालुतर्फ २ अर्ब १७ करोड २७ लाख ७२ हजार रुपैयाँ तथा पुँजीगततर्फ १ अर्ब ५६ करोड ३० लाख ४० हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ।
अर्थ मन्त्रालयका अनुसार आर्थिक क्षेत्रमा देखिएको तरलता अभाव, घरजग्गा कारोबारमा आएको सुस्तता, नयाँ सवारीसाधनको खरिद–बिक्रीमा कमी तथा गत भदौ २३ र २४ गते जनमत पार्टी नेतृत्वको आन्दोलनका क्रममा राजस्व संकलन गर्ने निकायहरूमा पुगेको क्षतिका कारण अपेक्षाअनुसार राजस्व उठ्न सकेको छैन।
यद्यपि विभिन्न चुनौतीका बीच पनि चालु आर्थिक वर्षको पहिलो ११ महिनामा भएको आय तथा राजस्व संकलन सन्तोषजनक रहेको मन्त्रालयले जनाएको छ।

# रामजानकी अन्तर्राष्ट्रिय रंगशाला निर्माण सुरु हुने




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशालाको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि सुरु गरिने बताएका छन्।
मधेश खेलकुद परिषद्को आयोजनामा शनिबार जनकपुरधाममा सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी–२० क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले रंगशाला निर्माणलाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको बताए।
उनले रंगशाला निर्माणका लागि आगामी आर्थिक वर्षमा २ अर्ब ५६ करोड रुपैयाँ लागत अनुमान गरिएको जानकारी दिँदै निर्माण प्रक्रिया अघि बढाइने बताए । खेलकुद पूर्वाधारको विकास प्रदेश सरकारको प्रमुख प्राथमिकतामध्ये एक रहेको उनको भनाइ थियो ।मुख्यमन्त्री यादवले क्रिकेटसहित अन्य खेलको प्रवर्द्धन र विकासका लागि आवश्यक बजेट विनियोजन गरिने उल्लेख गर्दै प्रदेशका आठवटै जिल्लामा रहेका खेलमैदानको स्तरोन्नति तथा पूर्वाधार निर्माणमा सरकार प्रतिबद्ध रहेको बताए।
कार्यक्रममा मधेश खेलकुद परिषद्का सदस्य–सचिव शिवजी यादवले खेलकुदलाई युवासँग जोड्दै व्यावसायिक बनाउन परिषद्ले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए। उनले खेलकुद क्षेत्रको विकासले प्रदेशको समग्र विकासमा समेत सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्दै मधेशलाई खेलकुदमय प्रदेश बनाउने अभियानलाई तीव्रता दिइने बताए।
शनिबारदेखि सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी–२० क्रिकेट प्रतियोगितामा मधेश, कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका टोलीसँगै नेपाल एपीएफ क्लब गरी आठ टोलीको सहभागिता रहेको छ।
आयोजकका अनुसार प्रतियोगिताका खेलहरू जनकपुरधाम र वीरगंजमा सञ्चालन हुनेछन् भने फाइनल खेल वीरगंजमा आयोजना गरिनेछ।

# धनुषामा लागुऔषधविरुद्ध सप्ताहव्यापी सचेतना अभियान सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्ध जनचेतना फैलाउने उद्देश्यले धनुषामा सप्ताहव्यापी सचेतना अभियान सुरु गरिएको छ।
जिल्ला प्रशासन कार्यालय धनुषाको आयोजनामा असार ६ देखि १२ गतेसम्म सञ्चालन हुने अभियानको पहिलो दिन सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो । 'लागुऔषधको चुनौती चिनौं, सामाजिक समाधानको बाटो खोजौं' भन्ने नारासहित सुरु गरिएको अभियानको उद्घाटन प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले गरेका थिए।
उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लुइँटेलले लागुऔषधको समस्या समाजकै साझा चुनौतीका रूपमा विकसित भइरहेको बताउँदै यसको नियन्त्रणका लागि सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको धारणा राखे। उनले लागुऔषधको बढ्दो प्रयोगका कारण विशेषगरी युवा पुस्ता बढी जोखिममा परेको उल्लेख गर्दै प्रशासन, सुरक्षा निकाय, परिवार, विद्यालय तथा समुदायबीच प्रभावकारी सहकार्य हुनुपर्नेमा जोड दिए।
उनले पारिवारिक विखण्डन र कलहले पनि युवाहरूलाई लागुऔषधतर्फ आकर्षित गर्ने गरेको उल्लेख गर्दै स्वस्थ सामाजिक तथा पारिवारिक वातावरण निर्माण गर्न आवश्यक रहेको बताए।




प्रमुख जिल्ला अधिकारी लुइँटेलले मधेश प्रदेश सरकारसँगको समन्वयमा अभियान सञ्चालन भइरहेको जानकारी दिँदै यसलाई स्थानीय तह हुँदै वडा स्तरसम्म विस्तार गर्ने लक्ष्य रहेको बताए।
अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुपेश खड्का, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलगायत विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूले लागुऔषध नियन्त्रणका लागि सामूहिक प्रयास अपरिहार्य रहेको बताएका थिए।
जिल्ला प्रशासन कार्यालय धनुषाका अनुसार अभियान अवधिभर जनचेतनामूलक अन्तरक्रिया, प्रचारप्रसार, विद्यालय केन्द्रित कार्यक्रम तथा विभिन्न सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछन् । अभियानमार्फत लागुऔषध दुरुपयोग, अवैध कारोबार तथा त्यसले व्यक्ति, परिवार र समाजमा पार्ने नकारात्मक प्रभावबारे नागरिकलाई जानकारी गराउने लक्ष्य राखिएको छ।
धनुषासहित मधेश प्रदेशका सीमावर्ती जिल्लाहरूमा लागुऔषधको समस्या बढ्दै गएको अवस्थाबीच सुरु गरिएको यस अभियानलाई सरोकारवालाले सकारात्मक र आवश्यक पहलका रूपमा लिएका छन्।

# व्याहुत सुडी सेवा समिति जनकपुरधामको महाधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम।**
व्याहुत सुडी सेवा समिति जनकपुरधामको महाधिवेशन सम्पन्न भएको छ । समितिका अध्यक्ष चन्देश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित महाधिवेशनको उदघाटन सत्रमा संस्थाको सांगठनिक गतिविधि, आर्थिक अवस्था तथा आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो।
महाधिवेशनमा समितिका महासचिव लक्ष्मणप्रसाद साहले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले विगतमा गरेका सामाजिक, शैक्षिक तथा सामुदायिक गतिविधिबारे जानकारी गराएका थिए । उनले समाजको एकता, संस्थागत सुदृढीकरण तथा युवा सहभागिता बढाउन समितिले विभिन्न कार्यक्रम सञ्चालन गरेको उल्लेख गरे।
त्यसैगरी समितिका कोषाध्यक्षले संस्थाको आय–व्यय विवरण प्रस्तुत गर्दै आर्थिक पारदर्शिता र सुशासनप्रति समिति प्रतिबद्ध रहेको बताए।
महाधिवेशनको उद्घाटन सत्रमा प्रमुख अतिथिका रूपमा व्याहुत सुडी समाजका वरिष्ठ सदस्य जगदेव साह सहभागी भएका थिए। उनले समाजको उत्थान र संस्थागत विकासका लागि सबै सदस्य एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले शिक्षा, सामाजिक सद्भाव र युवा पुस्ताको नेतृत्व विकासलाई प्राथमिकतामा राख्न आग्रह गरे।
कार्यक्रममा भोला प्रसाद साह, उमाशंकर प्रसाद साह, रामपल्टन साह, अमरनाथ गुप्ता, श्यामप्रसाद गुप्ता लगायत समाजका अगुवा व्यक्तिहरूको उपस्थिति रहेको थियो । वक्ताहरूले व्याहुत सुडी समाजको सामाजिक तथा सांस्कृतिक पहिचान संरक्षणसँगै आगामी दिनमा समाजसेवामूलक गतिविधिलाई थप प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गरेका थिए।
महाधिवेशनले संस्थाको प्रगति समीक्षा गर्दै आगामी कार्यकालका लागि विभिन्न योजना तथा कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ । सहभागीहरूले समाजको हित र समुदायको समग्र विकासका लागि समिति अझ सक्रिय भएर काम गर्नुपर्नेमा जोड दिएका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन